


प्रतिनिधि सभा सदस्य र
प्रदेश सभा सदस्य निर्वाचन २०७४

# पर्यवेक्षण प्रतिवेदन

आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
GENERAL ELECTION OBSERVATION COMMITTEE, NEPAL (GEOC)

# आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल

## कार्यसमिति



**श्री हिमालय शम्सेर राणा**
अध्यक्ष
नेपाल नागरिक मञ्च – अध्यक्ष



**श्री कोमल प्रकाश घिमिरे, वरिष्ठ अधिवक्ता**
सदस्य
नेपाल कानून समाज – अध्यक्ष



**श्री माधव प्रसाद घिमिरे**
सदस्य
पूर्व कर्मचारी सेवा परिषद्, नेपाल – अध्यक्ष



**श्री सविता भण्डारी वराल, वरिष्ठ अधिवक्ता**
सदस्य
असहाय सेवा केन्द्र – महासचिव



**प्रो. श्री चिरञ्जीवि खनाल**
सदस्य
नेपाल प्रेस इन्स्टिचयुट – निर्देशक



**श्री सुनीता रेग्मी, वरिष्ठ अधिवक्ता**
सदस्य
ग्रामीण विकास प्रतिष्ठान – कोषाध्यक्ष



**श्री खेमराज रेग्मी**
सदस्य
नेपाल नागरिक समाज – अध्यक्ष



**श्री गणेशकुमार मण्डल**
सदस्य
मधेशी नागरिक समाज – संयोजक



**श्री हरिविनोद अधिकारी**
सदस्य
फ्रिडम फोरम – अध्यक्ष



**श्री बबिता बस्नेत**
सदस्य
मिडिया एड्भोकेसी ग्रुप – अध्यक्ष



**श्री कृष्णमान प्रधान**
सदस्य सचिव
नेपाल कानून समाज – कार्यकारी निर्देशक

# विषय–सूची

प्रकाशकीय ........ १
कार्यकारी सारांश ........ ३

परिच्छेद १ आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण ........ ८
१.१ भूमिका ........ ८
१.२ सञ्जालको उद्देश्य ........ ८
१.३ सञ्जालको स्वरुप ........ ८
१.४ सञ्जालको दायित्व ........ ९
१.५ पर्यवेक्षकको आचार संहिता र दायित्व ........ ९
१.६ सञ्जालको सचिवालय ........ ९
१.७ पर्यवेक्षण कार्यक्रम र समन्वय ........ ९

परिच्छेद २ पर्यवेक्षण विधि ........ १५
२.१ पर्यवेक्षण विधि ........ १५
२.२ पर्यवेक्षण संस्थाहरू बीच समन्वय ........ १६
२.३ पर्यवेक्षण तालिम ........ १६
२.४ पर्यवेक्षण नमूनाको आकार ........ १६

परिच्छेद ३ प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा ........ १७
३.१ निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड ........ १७
३.२. प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी नेपाल कानून ........ १७
३.२.१. नेपालको संविधान २०७२ ........ १७
३.२.२. निर्वाचन आयोग ऐन, २०७३ ........ १८
३.२.३. निर्वाचन (कसूर तथा सजायं) ऐन, २०७३ ........ १८
३.२.४. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ........ १८
३.२.५. प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ ........ १८
३.२.६. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ........ १९
३.२.७. प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ ........ १९
३.२.८. प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७४ ........ १९
३.२.९ मतदाता नामावली ऐन, २०७३ ........ १९
३.२.१०. निर्वाचन आचारसंहिता ........ १९
३.२.११. निर्वाचन पर्यवेक्षकहरुका लागि पर्यवेक्षण आचारसंहिता ........ २०

परिच्छेद ४ प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण विश्लेषण ........ २१
४.१ निर्वाचन–पूर्व ........ २२
४.१.१ मतदाता नामावली दर्ता र परिचयपत्र वितरण ........ २२
४.१.२ मतदाता शिक्षा ........ २२
४.१.३ उम्मेदवारी दर्ता ........ २३
४.१.४ आचार संहिता पालना ........ २४
४.१.५ निर्वाचनमा त्रास ........ २५
४.२ मतदान ........ २७
४.२.१ मतदान स्थलको चयन र व्यवस्थापन ........ २७
४.२.२ मतदाताको सहभागिता ........ २८
४.२.३ मतदान ........ २८
४.२.४ राजनीतिक हिंसा ........ २९
४.३. मतगणना र निर्वाचन परिणाम ........ ३०
४.४. राष्ट्रिय सभा निर्वाचन ........ ३३
४.५ महिलाको सहभागिता ........ ३४

परिच्छेद ५ निष्कर्ष र सुझाव ........ ३५
निष्कर्ष ........ ३५
सुझावहरू ........ ३७
निर्वाचन आयोग ........ ३७
नेपाल सरकार ........ ३८
सुरक्षा ........ ३९
राजनीतिक दल ........ ३९

अनुसूचीहरु
अनुसूची १ राष्ट्रिय पर्यवेक्षकहरु, सचिवालय समूह, प्रतिवेदन लेखन समूह ........ ४०
अनुसूची २ जिल्ला पर्यवेक्षकहरु ........ ४२
अनुसूची ३ पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित प्रतिनिधि सभा सदस्यको नामावली ........ ४३
अनुसूची ४ समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधि सभा सदस्यको नामावली ........ ४८
अनुसूची ५ पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यको नामावली ........ ५१
अनुसूची ६ समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यको नामावली ........ ६०
अनुसूची ६ राष्ट्रिय सभा सदस्यको नामावली ........ ६६

# प्रकाशकीय

२०७४ मंसिर १० र २१ गरी दुई चरणमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन र सङ्घीय संसदको माथिल्लो सदनको रुपमा रहेको राष्ट्रिय सभा सदस्यको निर्वाचन २०७४ माघ २६ मा सम्पन्न भएको छ। यसअघि तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेकोले देशमा अब सङ्घ, प्रदेश र स्थानीय तीन तहको सङ्घीय शासन व्यवस्थाको संरचना तयार भएको छ। यो निर्वाचनबाट संविधान कार्यान्वयनको एउटा महत्वपूर्ण चक्र पूरा भई मुलुकमा दुइ दशक लामो संक्रमणकालको अन्त्य भएको छ।

आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) निर्वाचनको पर्यवेक्षण गर्ने उद्देश्यले स्थापित एउटा गैरसरकारी संस्था हो। यसमा विभिन्न क्षेत्रमा कार्यरत दश वटा संस्थाहरु आबद्ध छन्। यसले विगतमा २०४७ सालपछि सम्पन्न स्थानीय निकाय निर्वाचन, प्रतिनिधिसभा सदस्यको निर्वाचन र संविधानसभा सदस्य सबै निर्वाचनको पर्यवेक्षण गरेको छ। जियोकलाई निर्वाचन पर्यवेक्षण अनुमति प्रदान गरी आवश्यक जानकारी उपलब्ध गराई सहयोग गर्ने निर्वाचन आयोग, गृह प्रशासन, जिल्ला निर्वाचन अधिकृत, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, पत्रकार, नागरिक समाजलगायत सम्पूर्ण महानुभाव र संस्थाहरूप्रति आभार सहित धन्यवाद व्यक्त गर्दछु।

जियोकले निर्वाचन पूर्व राजनीतिक दलहरुको गतिविधि र आचार संहिताको पालना, सुरक्षा र राजनीतिक हिंसा लगायत निर्वाचनको वातावरण र निर्वाचनको तयारीको अवस्थाबारे प्रारम्भिक प्रतिवेदन पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो। यो अन्तिम प्रतिवेदन निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित रुपमा सम्पन्न भयो, भएन जियोकका पर्यवेक्षकहरूले गरेका स्थलगत पर्यवेक्षणबाट प्राप्त जानकारीका आधारमा तयार गरिएको छ।

पर्यवेक्षणमा गुणात्मक र परिमाणात्मक जानकारीका लागि दीर्घकालीन र अल्पकालीन पर्यवेक्षकहरूको व्यवस्था गरिएको थियो। दीर्घकालीन पर्यवेक्षकहरूले जिल्लाको राजनीतिक र निर्वाचन वातावरणको समग्र जानकारी संकलन गरेका थिए भने अल्पकालीन पर्यवेक्षकहरूले चार प्रकारका प्रश्नावलीहरुको माध्यमबाट सरोकारवाला मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुलाई निर्वाचन कानून र प्रक्रिया अनुसार मतदान र निर्वाचन स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न भए–नभएकोबारे सोधिएको थियो।

प्रस्तुत प्रतिवेदन जियोकले पर्यवेक्षण गरेका ३० जिल्लामा जम्मा ७२० पर्यवेक्षकहरुबाट प्राप्त जानकारीको संश्लेषण हो।

पर्यवेक्षणमा उत्तरदाताहरूबाट प्राप्त जानकारीहरूलाई प्रतिवेदनको रुपमा मुख्य लेखन र संयोजन गर्ने श्री गोविन्द दास श्रेष्ठ र उहाँका लेखन सहयोगीहरु अधिवक्ता श्री मिलन श्रेष्ठ, श्री उषा मल्ल पाठक–लैङ्गिकविज्ञ, श्री गणेशकुमार मण्डल–समावेशीविज्ञ प्रति जियोक आभार व्यक्त गर्दछ। प्राप्त जानकारीहरूलाई कोडिङ् गरी तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्नुहुने श्री अस्वस्थामा पोखेल र भाषा

सम्पादन गर्नुहुने श्री माधव घिमिरे धन्यवादका पात्र हुनुहुन्छ। मस्यौदा लेखनको विभिन्न चरणहरूमा बहुमूल्य सुझावहरू प्रदान गरी सहयोग गर्नु भएकोमा जियोकका कार्यकारी सदस्यहरू, नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधान धन्यवादका पात्र हुनुहुन्छ। जियोकको सचिवालयको नेतृत्व गर्नुहुने श्री मिलन श्रेष्ठ र वहाँको समूहलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

निर्वाचन पर्यवेक्षण कार्य र प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गर्ने Royal Norwegian Embassy, Kathmandu लाई जियोकका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। साथै अन्त्यमा निर्वाचन पर्यवेक्षण कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न सहकार्य गर्ने नियोक, संकल्प र एन.डि.आई. परिवारलाई धन्यवाद ज्ञापन गर्दछु।



हिमालय शम्सेर राणा
अध्यक्ष
आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल

२०७४ फागुन

# कार्यकारी सारांश

नेपालको शासन व्यवस्थाको पुनर्संरचना नेपालको वर्तमान संविधानको एउटा प्रमुख विशेषता हो । नेपाल आज एकात्मकबाट सङ्घीय शासन व्यवस्थामा रुपान्तरित भएको छ। २०७४ मङ्सिर १० र मङ्सिर २१ मा दुई चरणमा सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन, राष्ट्रियसभाको २०७४ माघ २४ मा सम्पन्न निर्वाचन र यसअघि तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात देशमा अब सङ्घ, प्रदेश र स्थानीय तीन तहको शासकीय व्यवस्थाको संरचना तयार भएको छ। जियोकले यी सबै निर्वाचनको पर्यवेक्षण गरेको छ।

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको पूर्वसन्ध्या र मतदानका दिन निर्वाचन बिथोल्न गरिएका हिंसाका घटनाहरूबाट केही उम्मेदवार र कार्यकर्ताहरू घाइते भए तापनि नागरिकको राजनीतिक चेतना र अठोटबाट निर्वाचन सहजताका साथ सम्पन्न भयो । विभिन्न चुनौतिहरू पार गर्दै निर्वाचन आयोगले निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ। यसका लागि नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज, आम संचार माध्यम र पर्यवेक्षण समूह सबैको सहयोग निर्वाचन आयोगलाई रह्यो ।

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनको लागि आयोगले मतदाता नामावली अद्यावधिक गरेबाट करिब चौध लाख नयाँ मतदाता समावेश भए तापनि नयाँ मतदाता दर्ताका लागि उपलब्ध गराइएको समयावधि अपर्याप्त, प्रभावकारी सूचनाको अभाव र दर्ता प्रक्रिया झन्झटिलो भएकोले कतिपय मतदाता छुटेका भन्ने जानकारीमा आयो । मतदाता नामावली र परिचयपत्रका बीच तालमेलको अभावमा संविधान सभाको निर्वाचनमा मतदान गरेका कतिपय मतदाता यसपाली मतदान गर्नबाट वंचित भए।

सबैजसो दलले एक तिहाइ महिलाको उम्मेदवारीको प्रावधानको विपरित यो निर्वाचनमा ज्यादै कम महिला उम्मेदवारी दिए । दलहरूले उम्मेदवार छनौटमा विजय हासिल गर्नु नै आफ्नो एकमात्र उद्देश्य राखी गैरराजनीतिक चरित्र र विवादित व्यक्तिहरू प्राथमिकतामा पारे। कतिपय जिल्लामा महिलाको उम्मेदवारी शून्य रह्यो।

निर्वाचन स्वच्छ र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्न पालना गर्नुपर्ने आचार संहिता लगायत उम्मेदवारले गर्न पाउने खर्चको सीमाबारे कतिपय जिल्लामा संयमता अपनाइएको भए तापनि धेरैजसो जिल्लाहरूमा ब्यापक रुपमा उलङ्घन भएको पर्यवेक्षणबाट जानकारी हुन आयो । मौन अवधि शुरु भएपछि मतदातालाई पैसा बाँड्न लागेकोमा पक्राउ परेको समेत जानकारी हुन आयो। उलङ्घनका घटनाहरूमा निर्वाचन कार्यालयबाट स्पष्टिकरण सोध्ने र भविष्यमा यस्तो नगर्ने आग्रहमा कारवाही सीमित रह्यो । निर्वाचन आचार संहिता पालनामा उम्मेदवार र दल उदासिन मात्र होइन अनुत्तरदायी देखिए। नेपाल सरकार, स्थानीय तह, आदिका कर्मचारीहरूबाट पनि आचार संहिताको व्यापक उलङ्घन भएको जानकारी हुन आयो।

निर्वाचन प्रचार–प्रसारका लागि उपलब्ध गराइएका सवारी साधनमा एकातिर आ–आफ्ना मतदाता ओसार्ने गैरजिम्मेवार काम भयो भने अर्कोतिर वास्तविक वृद्ध, अशक्त, विरामी, अपाङ्गहरुले अत्यन्त कष्ट सहेर पैदल यात्रा गर्नु पर्‍यो।

कतिपय मतदाताले मतदाता शिक्षा प्रभावकारी नभएको कारण समानुपातिकको मतपत्रमा अलमलिएको र दोस्रो मतपत्रमा चिन्ह लगाउनै बिर्सेको भन्ने थाहा हुन आयो। साथै, सर्वोच्च अदालतको आदेशमा मतपत्रको डिजाइन दुइबाट तीनवटा मतपत्र गर्नुपर्दा छपाइमा बढी समय लाग्नगएकोले मतदाता शिक्षा सामग्री समयमा जिल्ला जिल्लामा पुऱ्याउन नसकिएको भन्ने भनाइ रह्यो। यो कमजोरीका कारण एक जना स्थानीय शिक्षकले दुइवटा मतपत्रको नमूना देखाउँदै मतदाता शिक्षा दिइरहेको पाइयो। तीनवटा मतपत्र हुनेबारे ती शिक्षक आफैलाई थाहा नभएको पर्यवेक्षणबाट देखियो। साथै, मतदाता शिक्षा स्वयंसेवकको तालिम अवधि पनि अपर्याप्त देखियो।

अधिकांश मतदान केन्द्रहरू ज्येष्ठ नागरिक लगायत विशेष आवश्यकता भएका मतदाताहरूका लागि पायकपर्ने र मतदाताका सुविधाका लागि मतदान केन्द्रमा आवश्यक सङ्केतहरू राखिएका थिए। मतदान सुरुगर्नुभन्दा पहिलेका प्रक्रिया एक दुइ ठाउँमा बाहेक सबै केन्द्रहरूमा पूरा भएको पाइयो। केही मतदान केन्द्र ज्यादै साँगुरो ठाउँमा रहेको कारण मतदानको गोप्यता कायम गर्नमा भने आयोग चुकेको देखियो।

७७ प्रतिशत मतदान केन्द्रमा मतदान बिहानको ७:१५ भित्र सुरु भयो भने ८.०० बजे भित्र ९८ प्रतिशत मतदान केन्द्रहरूमा मतदान शुरु भएको थियो। वृद्ध, वृद्धा, अपाङ्ग, सुत्केरी, महिला लगायत आशौचमा रहेकाले समेत मतदानमा भाग लिए।

दृष्टिविहीन वा शारीरिक अशक्त भएका मतदाताका लागि एकाघरको परिवारको सदस्यको सहयोग लिनसकिने कानूनमा भएको व्यवस्थाको ठूलो मात्रामा दुरुपयोग भयो। दोलखा, गोरखा,जुम्ला, नुवाकोट, कन्चनपुर, रौतहट लगायत धेरै जिल्लाहरूमा दुरुपयोग भएको पाइयो। एक जना व्यक्तिले ५ जनासम्म ज्येष्ठ नागरिकको तर्फबाट मत दिएको पनि पाइयो।

निर्वाचनको सङ्घारमा प्रचार–प्रसारलाई प्रभावपार्ने मनसायले ठाउँ ठाउँमा बम विष्फोटनका घटनाहरूका साथै उम्मेदवार केन्द्रित आक्रमणका घटनाहरू घटे। यी घटनाहरूलाई ध्यानमा राखी सुरक्षाको निगरानी बढाइएको र ठूलो संख्यामा संदिग्ध र आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूलाई पक्राउ गरिएको जानकारीमा आयो। मंसिर १० र २१ दुई चरणमा भएको निर्वाचन बम आक्रमण, उम्मेदवार केन्द्रित एम्बुस आदि हिंसाका घटनाको बावजुद मतदाताको सहभागिता उत्साहजनक रह्यो।

निर्वाचन पहिले र मतदानका दिन सुरक्षासम्बन्धी हिंसाका घटनाहरूमा निर्वाचन बहिस्कार गर्ने समूहबाट भएका बम विष्फोटनका अतिरिक्त मतदानको दिनमा भएका हिंसामा घटनाहरूमा अन्तर–दल झडप पनि प्रमुख रुपमा देखिए। यो निर्वाचनमा दलहरू आ–आफ्ना प्रभाव क्षेत्र र विशेषगरी दुर्गम र ग्रामीण क्षेत्रमा जहाँ सुरक्षाकर्मीको उपस्थिति पातलो हुन्छ त्यस्ता केही ठाउँमा एकलौटी मतदान हुनगएको जानकारीमा आयो।

यो निर्वाचनमा स्थानीय तहको तुलनामा मतदाताको सहभागिता केही कम हुनुका पछाडि केही समय पहिलेमात्र स्थानीय तहको निर्वाचनका लागि ठूलो संख्यामा विदेशबाट आएका मतदाताहरू आ–आफ्ना कार्यस्थलमा फर्कनु र चीसोका कारण उच्च पहाडका मतदाता बेंसीमा झर्नु मुख्य कारक रहेको अनुमान गर्न सकिन्छ।

धेरैजसो मतगणनास्थल फराकिलो र सुरक्षाको प्रबन्ध पर्याप्त थियो। मतगणनासम्बन्धी नियम, निर्देशिका र कार्यविधि अनुसार मतगणना सुरु गर्दा मुचुल्का गराउने, सील दुरुस्त छ, छैन जाँच गर्ने आदि सबै प्रक्रिया पूरा गरेको पाइयो। मतगणना प्रक्रिया पारदर्शी रह्यो। मतगणनाको काम स्थानीय तहको तुलनामा कम समयभित्र सम्पन्न भयो। विगतको अनुभवबाट मतगणना र उम्मेदवारका प्रतिनिधि बस्ने स्थानबीच छेकबार राखिएकोले मतपत्रको सुरक्षामा समस्या आएन।

मतदान केन्द्रमा पर्यवेक्षकहरूको प्रवेशलाई लिएर समस्या देखिए। कतिपय केन्द्रमा पर्यवेक्षको परिचयपत्र भएर पनि प्रवेशमा रोक लगाइएको पाइयो।

निर्वाचन परिणाम अनुसार प्रतिनिधि सभाको प्रत्यक्षतर्फको कूल १६५ सदस्य संख्याको दलगत विवरण यस प्रकार रहेको छ। यस अनुसार नेकपा एमाले ८०, माओवादी केन्द्र ३६, नेपाली कांग्रेस २३, राष्ट्रिय जनता पार्टी ११, सङ्घीय समाजवादी फोरम १०, र अन्य साना दल र स्वतन्त्र गरी ५ सदस्य रहेका छन्। त्यसैगरी, प्रदेश सभातर्फको ३३० मध्ये नेकपा एमाले १६८, माओवादी केन्द्र ७३, नेपाली कांग्रेस ४१, सङ्घीय समाजवादी फोरम २४, राष्ट्रिय जनता पार्टी १६ र अन्य साना दल र स्वतन्त्र गरी ८ सदस्य रहेका छन्।

निर्वाचन प्रचार–प्रसार र मतदानमा महिलाको सहभागिता उल्लेख्य रह्यो। निर्वाचनमा महिलाको सहभागिता ठुलो रहे तापनि अधिकारको हिस्सामा भने उनीहरूकोप्रतिनिधित्व न्यून रहेको छ। नेपालको संविधान अनुसार ३३ प्रतिशत प्रतिनिधित्वको व्यवस्था भएकोमा प्रत्यक्षतर्फ प्रतिनिधि सभाको कूल १६५ सदस्य संख्यामध्ये महिलाको प्रतिनिधित्व ६ मा सीमित रहेको छ। त्यस गरी, प्रदेश सभाका ३३० मध्ये महिलाको प्रतिनिधित्व १७ मात्र रह्यो।

| | | प्रदेशसभा | | प्रतिनिधिसभा | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | राजनीतिक दलको नाम | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | राष्ट्रियसभा |
| १ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १६८ | ७५ | ८० | ४१ | २७ |
| २ | नेपाली काङ्ग्रेस | ४१ | ७२ | २३ | ४० | १३ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७३ | ३५ | ३६ | १७ | १२ |
| ४ | सङ्घीय समाजवादी फोरम नेपाल | २४ | १३ | १० | ६ | २ |
| ५ | राष्ट्रिय जनता पार्टी नेपाल | १६ | १२ | ११ | ६ | २ |
| ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ३ | १ | ० | ० |
| ८ | स्वतन्त्र | ३ | ० | १ | ० | ० |
| ९ | राष्ट्रिय जनमोर्चा | २ | २ | १ | ० | ० |
| १० | नयाँ शक्ति पार्टी नेपाल | २ | १ | १ | ० | ० |
| ११ | नेपाल मजदुर किसान पार्टी | १ | १ | १ | ० | ० |
| १७ | विवेकशील साझा पार्टी | ० | ३ | ० | ० | ० |
| १८ | नेपाल सङ्घीय समाजवादी पार्टी | ० | १ | ० | ० | ० |
| १९ | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ० | १ | ० | ० | ० |
| २० | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक | ० | १ | ० | ० | ० |
| | जम्मा | ३३० | २२० | १६५ | ११० | ५६ |

## सुझावहरू

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २०७४ को पर्यवेक्षणबाट निर्वाचन सञ्चालन, रेखदेख र नियन्त्रणका सम्बन्धमा आगामी दिनहरूमा गर्नुपर्ने सुधारका विषयहरू देहायमा प्रस्तुत गरिएको छ। प्रस्तुत सुझावहरू कार्यान्वयन गर्नको लागि निर्वाचन आयोग, नेपाल सरकार र राजनीतिक दलहरू बीच प्रभावकारी समन्वय आवश्यक अनिवार्य छ।

निर्वाचन आयोग

- कानूनले मतदान गर्न पाउने हक प्राप्त नेपाली नागरिकलाई मतदानबाट वञ्चित नहुने गरी मतदाता नामावली आवधिक रुपमा अद्यावधिक गर्ने र यसलाई व्यवस्थित रुपमा राख्नुका साथै नामावलीमा देखिएका प्राविधिक त्रुटिहरू हटाउन स्थानीय स्तर मै रुजु गर्ने व्यवस्था गर्ने। मतदाता नामावली दर्ता गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाउन मतदाताको पहुँचका लागि जिल्ला निर्वाचन कार्यालय र स्थानीय तहका सरोकारवालाहरूसँग समन्वय हुने व्यवस्था गर्ने।
- मतदाता परिचयपत्र स्थानीय स्तरमै वितरणगर्ने व्यवस्था गर्ने। मतदाता नामावलीमा नाम भएकाहरूले अन्य कुनै परिचय खुल्ने प्रमाण दिएमा मतदान गर्नसक्ने व्यवस्थाबारे सबै मतदाता र मतदानमा संलग्न कर्मचारीहरूलाई जानकारी हुने प्रभावकारी व्यवस्था गर्ने।
- मतदाता शिक्षालाई प्रभावकारी बनाउन सम्बन्धित सबै सरोकारवालाहरूसँग सल्लाह एवं छलफल गरी प्रभावकारी उपाय कार्यान्वयन गर्ने। मतदाताशिक्षा बारे शिक्षकहरूलाई पर्याप्त तालिम दिने, स्थानीय भाषामा मतदाता शिक्षा सामग्री समयमै उपलब्ध गराउने र उनीहरूलाई बढी अवधिका लागि खटाउने व्यवस्था गर्ने।
- निर्वाचन कार्यमा संलग्न कर्मचारी, पर्यवेक्षक र सुरक्षाकर्मीहरूले मतदान गर्न पाउने व्यवस्था गर्ने।
- आचार संहिता उलङ्घनका घटनाहरूलाई शुरुमै कडाईका साथ कारवाही गरी आचार संहिता पालना प्रभावकारी बनाउने।

- निर्वाचन प्रचार–प्रसार खर्चसम्बन्धी सीमा र आचारसंहितालाई व्यावहारिक बनाउन यसको समीक्षा गर्ने, यसको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनको व्यवस्था गर्ने र यसको पालना सुनिश्चित गर्ने।
- निर्वाचन आयोगले पारदर्शीताका लागि विभिन्न शीर्षक अन्तर्गत गरेको खर्च सार्वजनिक गर्ने।
- निर्वाचन यथाशक्य फागुनदेखि वैशाख महिनाभित्र गर्ने गरी कानूनमा व्यवस्था गर्ने।

  निर्वाचनको मिति तोक्ने अधिकार निर्वाचन आयोगमा हुने व्यवस्था गर्न सरकारसँग समन्वय गरी कानून निर्माण गर्ने।
- निर्वाचन प्रक्रियासम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचनमा संलग्न कर्मचारीहरूलाई र सम्बन्धित सरोकारवाला सबैलाई समयमै निर्वाचनसम्बन्धी लोकतान्त्रिक मूल्य मान्यता, कानूनी प्रक्रिया र कार्यविधिका सम्बन्धमा पर्याप्त तालिम दिने। कानूनमा भएको यस्तो व्यवस्थाको पालना नगरे वा उलङ्घन गरेको देखिए जिम्मेवार कर्मचारीउपर कानूनी कारवाही गर्न सरकारलाई निर्देशन दिने।
- निर्वाचनमा विद्युतीय मतदान उपकरण प्रयोग गर्नेबारे अहिलेदेखिनै प्राथमिकताका साथ कार्यक्रमसहित अगाडि बढ्ने। यस्तो उपकरणको प्रयोगमा मतदाताहरूलाई पर्याप्त तालिमको व्यवस्था गर्ने।
- पर्यवेक्षकलाई मतदान र मतगणना लगायत निर्वाचनका सबै प्रक्रियामा पहुँचको व्यवस्था गर्ने। निर्वाचनमा संलग्न कर्मचारीहरूलाई पर्यवेक्षण नीति नियम अनुसार पर्यवेक्षकको भूमिका र जिम्मेवारीका बारेमा पर्याप्त जानकारी दिने।
- मतदान केन्द्रमा ज्येष्ठ नागरिक, अस्वस्थ, सुत्केरी, अपाङ्ग मतदाताको पहुँचको समुचित व्यवस्थाका लागि वैकल्पिक सवारी साधन उपलब्ध गराउने व्यवस्था गर्ने।
- खानेपानी, मौसम अनुसारको ओत, शौचालय, ह्वील चेयर आदिसहितको मतदाता–मैत्री मतदान केन्द्रको व्यवस्था गर्ने।
- समानुपातिक प्रतिनिधित्वका लागि विभिन्न क्लस्टर अन्तर्गत उम्मेदवारको निर्वाचन वा मनोनयनमा महिलाको विवाह हुनु अगाडिको थर कायम गर्ने गरी संविधान र कानूनमा संशोधन गर्ने व्यवस्था गर्ने।
- निर्वाचन आयोगलाई बढी प्रभावकारी, स्वतन्त्र र सक्षम बनाउन आवश्यक कानूनको निर्माणका लागि तत्काल पहल गरिनुपर्ने।
- निर्वाचनलाई स्वतन्त्र र समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्न विद्यमान कानूनको समीक्षा गरी केन्द्र, प्रदेश र स्थानीय तहमा संवादको थालनी गर्ने।

नेपाल सरकार

- निर्वाचनको मिति तोक्ने लगायत यहाँ सुझाइएका सुझावहरूको कार्यान्वयनका लागि आवश्यक निर्वाचन सञ्चालनसँग सम्बन्धित संवैधानिक व्यवस्था एवं अन्य कानूनहरूको निर्माण वा संशोधन सुनिश्चित गर्ने।
- स्थानीय तहको कार्यकारीमा हाल महिलाको प्रतिनिधित्व उल्लेख्य रहेकोले आगामी दिनहरूमा यसबाट नेतृत्वको विकास हुने संभावना बढी भएको हुँदा यसलाई बढावा दिन सरोकारवाला सबै तयार हुनु पर्दछ। आवश्यक परे संविधानमा संशोधन गरी आरक्षणको कोटा निर्धारण गर्ने।
- मतदान केन्द्रमा ज्येष्ठ नागरिक, अस्वस्थ, सुत्केरी, अपाङ्ग मतदाताको पहुँचको सुनिश्चितताका लागि मतदानका दिन आवश्यकता अनुसार सवारी साधन प्रयोगको वैकल्पिक व्यवस्था गर्ने।
- समानुपातिक प्रतिनिधित्वका लागि विभिन्न क्लस्टर अन्तर्गत उम्मेदवारको निर्वाचन वा मनोनयनमा महिलाको विवाह हुनु अगाडिको थर कायम गर्ने गरी निर्वाचन आयोगसँग समन्वय गरी संविधान र कानूनमा संशोधन गर्ने व्यवस्था गर्ने।
- आचारसंहिता पालना गर्न निर्वाचन आयोगलाई आवश्यक सहयोग गर्ने।

सुरक्षा

- भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष निर्वाचनका लागि सुरक्षाको पूर्ण प्रत्याभूतिको व्यवस्था गर्ने।

राजनीतिक दल

- उम्मेदवार चयनको निश्चित मापदण्ड बनाइ त्यसैको आधारमा उम्मेदवारी दिने व्यवस्था गर्ने। संवैधानिक प्रावधान अनुसार प्रत्यक्षतर्फ पनि न्यूनतम ३३ प्रतिशत महिलाको उम्मेदवारी दिने व्यवस्था गर्ने। उम्मेदवारी र महिलाको प्रतिनिधित्वबारे वस्तुगत आधार निर्माण गरी कडाईका साथ कार्यान्वयन गर्ने।
- स्थानीय तहमा निर्वाचित जन प्रतिनिधिहरूको प्रभावकारी भूमिकाका लागि उनीहरूले गर्नुपर्ने कामबारे तालिम, छलफल, अन्तरक्रिया, आदि कार्यक्रम नियमित रुपमा गर्ने।
- आफ्नै सहमतिमा निर्माण भएको आचार संहिता पालनामा दलहरू प्रतिबद्ध र उत्तरदायी हुने। दलहरूले आफ्ना कार्यकर्ताहरूलाई मतदान प्रक्रिया, आचार संहिता लगायत निर्वाचनसम्बन्धी ऐन नियमको तालिम अनिवार्य रुपमा दिने।
- शान्तिपूर्वक निर्वाचनमा भागलिने नागरिकको अधिकारको सम्मान गर्न, मतदातालाई कुनै किसिमका दवाब नदिन र हिंसाबाट अलग रहन कार्यकर्ताहरूलाई आदेश दिने।

परिच्छेद
१

# आम निर्वाचन पर्यवेक्षण समिति नेपाल र निर्वाचन पर्यवेक्षण

## १.१. भूमिका

संविधानसभाबाट २०७२ असोजमा नेपालको संविधान जारी भएबाट मुलुक अब एकात्मकबाट सङ्घात्मक शासन पद्धतिमा परिवर्तन भएको छ। २०७४ मंसिर १० र २१ दुई चरणमा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको यो निर्वाचन र यस अघि वैशाख ३१ देखि असोज २ सम्म तीन चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट मुलुकमा अब सङ्घ, प्रदेश र स्थानीय तीन तहको शासन व्यवस्थाको संरचना तयार भएको छ। यो निर्वाचनबाट संविधान कार्यान्वयनको एउटा महत्वपूर्ण चक्र पूरा हुनुका साथै मुलुकमा दुइ दशक लामो संक्रमणकालको अन्त्य भएको छ।

## १.२. सञ्जालको उद्देश्य

आम निर्वाचन पर्यवेक्षण समिति नेपाल/जियोक (General Election Observation Committee Nepal/GEOC) निर्वाचनको पर्यवेक्षण गर्ने उद्देश्यले स्थापना भएको गैरसरकारी संस्था हो । यसमा विभिन्न क्षेत्रमा कार्यरत दश वटा संस्थाहरु आबद्ध छन् । जियोकले निर्वाचन आयोगद्वारा सञ्चालन हुने निर्वाचन स्वतन्त्र, निष्पक्ष, भयरहित र धाँधलीरहित रुपमा भएको छ, छैन स्वतन्त्र रुपमा पर्यवेक्षण गर्दछ। पर्यवेक्षणले निर्वाचनलाई विश्वसनीय बनाउन मद्दत गर्दछ। जियोकले निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुरुप निर्वाचनका विभिन्न चरणहरु मतदान–पूर्व, मतदान र मतगणनाको पर्यवेक्षण गरी प्राप्त जानकारीका आधारमा प्रतिवेदन सार्वजनिक गर्दछ।

जियोकले विगतमा २०४७ सालपछि सम्पन्न स्थानीय निकाय निर्वाचन २०४९ र २०५४ का साथै प्रतिनिधिसभा सदस्यको निर्वाचन २०४८, २०५१ र २०५६ को पर्यवेक्षण गरिसकेको छ। यस सञ्जालले नेपालको अन्तरिम संविधान अन्तर्गत संविधानसभा सदस्य निर्वाचन २०६४, २०७० र संविधानसभा सदस्य उप–निर्वाचन २०७१ को पनि पर्यवेक्षण गरेको छ। यस क्रममा नेपालको संविधान २०७२ जारी भएपछि २०७४ वैशाख ३१ देखि माघ २४ गते सम्म विभिन्न चरणहरूमा भएको स्थानीय तह, प्रदेश र प्रतिनिधि सभा, राष्ट्रियसभाको निर्वाचन पर्यवेक्षणमा जियोक सहभागी भएको छ। यसले निर्वाचन पर्यवेक्षणपश्चात् सुझावसहितको प्रतिवेदन निर्वाचन आयोगमा पेश गर्नुका साथै सो प्रतिवेदन सार्वजनिक पनि गर्दछ।

## १.३. सञ्जालको स्वरुप

नेपाल कानून समाज, नेपाल नागरिक मञ्च, पूर्व कर्मचारी सेवा परिषद् नेपाल, असहाय सेवा केन्द्र, नेपाल प्रेस इन्ष्टिच्यूट, ग्रामीण विकास प्रतिष्ठान, नेपाल नागरिक समाज, मधेशी नागरिक समाज, फ्रिडम फोरम र मिडिया एडभोकेसी ग्रुप जियोकको संस्थागत सदस्य रहेका छन्। उल्लिखित विभिन्न क्षेत्रमा कार्यरत १० वटा संस्थामा स्वतन्त्र बुद्धिजीवि, कानूनविद्, पूर्व कर्मचारी, समाजसेवी, मानव अधिकारवादी, प्राध्यापक, वरिष्ठ पत्रकारहरूको सहभागिता रहँदै आएको छ। यस सञ्जालले आफ्ना सदस्यहरुको सहयोगमा जिल्लामा विभिन्न कार्यक्रमहरू गरिआएको छ।

## १.४. सञ्जालको दायित्व

जियोकले विगतमा भएका आम निर्वाचनहरूको भैं यो प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २०७४ को स्वतन्त्र र निष्पक्ष पर्यवेक्षण गर्ने जिम्मेवारी लिएको छ। यसका लागि आवश्यक सहयोग पुऱ्याउन सचिवालयको स्थापना गरेको छ। यसले निर्वाचन पर्यवेक्षणका लागि सञ्जालका सदस्य संस्थाहरुसँग समन्वय गरी राष्ट्रिय, जिल्ला र गाउँ एवं नगरस्तरीय पर्यवेक्षक चयन गर्दछ। यसले निर्वाचनसम्बन्धी गतिविधिका प्रतिवेदनहरु निर्वाचन आयोग लगायत राजनीतिक दल र अन्य सम्बन्धित निकायहरुमा पठाउँछ। यसले निर्वाचन पूर्व, मतदान, मतगणनाको पर्यवेक्षणसम्बन्धी आफ्ना कामहरुको प्रतिवेदनहरू पत्रकार सम्मेलन गरी सबैको जानकारीका लागि सार्वजनिक गर्दछ।

## १.५. पर्यवेक्षकको आचार संहिता र दायित्व

निर्वाचन पर्यवेक्षकहरुलाई व्यवस्थित गर्न निर्वाचन आयोगले राष्ट्रिय पर्यवेक्षकहरूका लागि आचार संहिता र निर्देशिका जारी गरेको छ। उक्त आचार संहिता बमोजिम अनुमति प्राप्त निर्वाचन पर्यवेक्षकहरुले निर्वाचन स्वतन्त्र रुपमा पर्यवेक्षण गर्ने अधिकार प्राप्त गर्दछ। आचार संहिता अनुसार निर्वाचनको क्रममा प्राप्त जानकारी निर्वाचन आयोग र मातहतका कर्मचारीहरुलाई जानकारी गराउनु पर्यवेक्षकको कर्तव्य हुनआउँछ। जियोकको पर्यवेक्षकले निर्वाचन प्रक्रियामा संलग्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, उम्मेदवार, मतदाताका साथै निर्वाचनको व्यवस्थापनमा खटिएका कर्मचारीलगायत सबै सरोकारवालाहरुको भूमिका र व्यवहारबारे प्रश्नावलीको माध्यमबाट जानकारी सङ्कलन गर्दछ। प्राप्त जानकारीका आधारमा पर्यवेक्षकले भविष्यमा गर्नुपर्ने सुधारबारे सुझाव समेत प्रस्तुत गर्दछ।

## १.६. सञ्जालको सचिवालय

निर्वाचन पर्यवेक्षणको कामका लागि आवश्यक दैनिक कार्य र मानव एवं भौतिक तथा आर्थिक स्रोत व्यवस्थापनका लागि जियोकको केन्द्रीय सचिवालय नेपाल कानून समाज, बबरमहल, काठमाण्डौमा रहेको छ। पर्यवेक्षण कार्यको समन्वय र आवश्यक जनशक्तिको व्यवस्था गर्नका लागि जियोकले राष्ट्रिय पर्यवेक्षक परिषद् गठन गरेको छ। यसका साथै श्री हिमालय शम्सेर राणाको अध्यक्षतामा सबै सदस्य संस्थाहरुको प्रतिनिधित्व हुने गरी एउटा ११ सदस्यीय कार्यसमिति पनि रहेको छ।

## १.७. पर्यवेक्षण कार्यक्रम र समन्वय

- जनशक्तिको परिचालन

  जियोकले सचिवालय स्थापना गरी निर्वाचन आयोगले प्रकाशित गरेको निर्वाचन कार्यतालिका बमोजिम र जियोकको प्रस्तावित कार्यक्रम सञ्चालन गर्न अधिवक्ता श्री मिलन श्रेष्ठको नेतृत्वमा अधिवक्ता श्रीमती सरस्वती डङ्गोल, अधिवक्ता श्री गणेशमान प्रधान, श्री नाइल श्रेष्ठ, श्री टंक पन्त, श्री नरेन्द्र न्यौपाने, श्री भवानी कायष्ठ, श्री एलिज श्रेष्ठ, श्री दिपा खत्रीको सचिवालय सञ्चालन समूह गठन गरेको थियो। उक्त सचिवालय समूहले निर्वाचन पूर्व, निर्वाचनको समयमा र निर्वाचन पश्चात विभिन्न चरणमा कार्यक्रमहरु गरी प्रतिवेदन तयार गर्न सफल रह्यो।

- राष्ट्रिय पर्यवेक्षकहरुको चयन

  जियोकले १० वटै संस्थाहरुको प्रतिनिधित्व हुने गरी ६० जना राष्ट्रिय पर्यवेक्षकहरु परिचालन गरेको थियो। जसमा पूर्व प्रधानन्यायाधीश, न्यायाधीश, वरिष्ठ कानूनविद, वरिष्ठ पत्रकार, वरिष्ठ पूर्व कर्मचारी, प्राध्यापक, विज्ञहरुको सहभागिता रहेको थियो। राष्ट्रिय पर्यवेक्षकहरु निर्वाचन कार्यक्रम प्रकाशित भएदेखि निर्वाचन परिणाम घोषणा नभएसम्म करिव तीन महिना

सक्रिय रुपमा कार्यरत रह्यो। यस समूहले जियोकको पार्षदको रुपमा समय–समयमा कार्यसमितिका पदाधिकारी र सचिवालयको जनशक्तिलाई सुझाव दिने र समीक्षा गर्ने उद्देश्यले २०७४ कार्तिक २६ मा अल्फा हाउस, बानेश्वरमा एक कार्यक्रम सम्पन्न भयो।

- स्थानीय तहको पर्यवेक्षकहरुको चयन

जियोकले ३० जिल्लामा जिल्ला स्तरको १ जना पर्यवेक्षक र गाउँ र नगरस्तर गरी जम्मा ७०० जना पर्यवेक्षकहरु परिचालन गरेको थियो। जुन समूहमा कानूनविद, पत्रकार, पूर्व कर्मचारी, पूर्व न्यायाधीश, प्राध्यापक र विज्ञहरुको सहभागिता रहेको थियो। जिल्ला स्तरको पर्यवेक्षकले तीन महिना र स्थानीयस्तरको पर्यवेक्षकले एक महिना जियोकको कार्य तालिका बमोजिम काम गरेको थियो।

- सन्दर्भ सामग्रीहरु तयार

निर्वाचन पर्यवेक्षण कार्यक्रमलाई प्रभावकारी र स्तरीय बनाउन जियोकले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका २०७४ प्रकाशित गऱ्यो। उक्त निर्देशिकाले जियोकको संस्थागत जानकारी, कार्यक्रम, संविधान र लोकतन्त्र, निर्वाचन पर्यवेक्षण सम्बन्धी कानूनी व्यवस्था, आचार संहिता, निर्वाचन पर्यवेक्षण महत्व र कर्तव्य, लगायत प्रतिवेदन बारे विस्तृत रुपमा जानकारी दिई सबै पर्यवेक्षकहरुको बुझाइमा एकरुपता ल्याउन मद्दत गऱ्यो। त्यसैगरी पर्यवेक्षकहरुले पर्यवेक्षण गर्दा तयार गर्नुपर्ने प्रतिवेदनलाई सहयोग गर्न विभिन्न प्रश्नावली तयार गर्ने काम भयो। जसमा मतदातालाई सोधिने प्रश्नावली, राजनीतिक कार्यकर्तालाई सोधिने प्रश्नावली, पर्यवेक्षक आफैले भर्ने प्रश्नावली, मतगणनाको समयमा भर्ने प्रश्नावली प्रकाशित गरी सम्पूर्ण राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकलाई वितरण गरियो।




यस सन्दर्भ सामाग्रीहरु तयार गर्न श्री गोविन्द दास श्रेष्ठ, श्री अस्वत्थामा पोखरेल र श्री सविता भण्डारीको सक्रियता रहेको थियो।

- निर्वाचन सम्बन्धी कानूनको समीक्षा

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्पन्न गर्न बनेको विभिन्न कानूनहरुको समीक्षा गर्ने काम भयो। उक्त कार्यमा अधिवक्ता मिलन श्रेष्ठ र श्री गोविन्द दास श्रेष्ठको सक्रियता रहेको थियो। नेपालको संविधान २०७२ बमोजिम र अन्तर्राष्ट्रिय कानून बमोजिम ति कानूनहरु लोकतान्त्रिक, समावेशी र पारदर्शीता रहेको थियो या थिएन भनी समीक्षा गर्ने काम भयो। जसमा निम्न बमोजिम कानून समीक्षा गरियोः–

- नेपालको संविधान, २०७२
- निर्वाचन आयोग ऐन, २०७३
- निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३
- प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ तथा प्रदेशसभा सदस्य नियमावली, २०७४
- प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७४
- मतदाता नामावली ऐन, २०७३

- निर्वाचन आचार संहिता
- निर्वाचन पर्यवेक्षकहरुका लागि पर्यवेक्षण आचार संहिता



माथि उल्लिखित कानूनको समीक्षा विवरण यसै प्रतिवेदनको परिच्छेद तीनमा दिइएको छ।

- प्रशिक्षण कार्यक्रम

निर्वाचन पर्यवेक्षण कार्यक्रमलाई निष्पक्ष, स्तरीय र पारदर्शी बनाउन जियोकले प्रकाशित निर्देशिका बमोजिम राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुलाई प्रशिक्षण दिने काम गऱ्यो। राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरु करिव ८० जनालाई २०७४ मंसिरमा अल्फा हाउस काठमाण्डौमा प्रशिक्षण दिने काम भयो। उक्त प्रशिक्षण कार्यक्रममा तीनवटा कार्यक्रम सत्र रहेको थियो। पहिलो सत्रमा नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेल र निर्वाचन आयोगका सह–सचिव श्री नवराज ढकालले निर्वाचन कानून र आचार संहितामा प्रशिक्षण दिने काम गऱ्यो। त्यसैगरी श्री गोविन्द दास श्रेष्ठ र अस्वस्थामा पोखरेलले पाँचवटा विभिन्न फारामहरुको बारेमा जानकारी दिनुका साथै फारामले अपेक्षा गरेको प्रतिवेदन र तथ्याङ्कहरु बारे जानकारी दिने काम गऱ्यो। अन्तिम सत्रमा जियोकका सदस्य सचिव श्री कृष्णमान प्रधानले जियोकको संस्थागत संरचना, जियोकले विगतमा पर्यवेक्षण गरेको अनुभव, उपलब्धी र निर्वाचन पर्यवेक्षक आचार संहिताको बारेमा जानकारी दिनु भयो।



त्यसैगरी राष्ट्रिय पर्यवेक्षक र जिल्ला पर्यवेक्षकको नेतृत्वमा प्रत्येक जिल्लामा जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। जसमा गाउँ/नगरस्तर करिव ७०० पर्यवेक्षकहरु सहभागिता रहेको थियो। स्रोत व्यक्तिको रुपमा जिल्लास्थित निर्वाचन अधिकृत र प्रमुख निर्वाचन अधिकृतको सहभागिता रहेको थियो। उक्त प्रशिक्षण कार्यक्रममा निर्वाचन कानून, आचार संहिता, पर्यवेक्षकले भर्नुपर्ने फाराम र प्रतिवेदनको ढाँचामा प्रशिक्षण दिइएको थियो।



- पर्यवेक्षण कार्यक्रम

  - राष्ट्रिय, जिल्ला, स्थानीय पर्यवेक्षकले निर्वाचन पूर्व, निर्वाचन दिन र निर्वाचन पश्चात पर्यवेक्षण काम गरेको थियो। पर्यवेक्षकहरुलाई ४/४ वटा फाराम दिइएको थियो जसमा मतदातालाई सोधिने प्रश्नावली, राजनीतिक कार्यकर्तालाई सोधिने प्रश्नावली, पर्यवेक्षक आफैले भर्ने प्रश्नावली र मतगणना पर्यवेक्षण प्रश्नावली रहेको थियो।

- पर्यवेक्षण कार्यक्रमलाई पारदर्शी र जवाफदेही बनाउन निर्वाचन आयोगबाट जारी भएको परिचयपत्र, ज्याकेट, टोपी र निर्देशिका वितरण गरिएको थियो ।
- राष्ट्रिय र जिल्लास्तरको पर्यवेक्षक लामो अवधिको पर्यवेक्षकको रुपमा काम गरेको हुँदा धेरै गाउँ/नगर घुम्ने गरी व्यवस्था गरिएको थियो । स्थानीय पर्यवेक्षकहरुलाई एउटा मतदान स्थल तोकिएको थियो जसमा एकभन्दा बढी मतदान केन्द्र रहेको थियो । स्थानीय पर्यवेक्षकले दुईवटा मतदान केन्द्र पर्यवेक्षण गरी फाराम भर्नुपर्ने व्यवस्था गरिएको थियो ।
- राष्ट्रिय र जिल्ला पर्यवेक्षकले सम्पूर्ण निर्वाचन पर्यवेक्षणको समीक्षा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको थियो ।
- पहिलो चरणमा मंसिर १० गते ८ वटा जिल्ला र दोस्रो चरणमा मंसिर २१ गते २२ वटा जिल्लामा पर्यवेक्षण गरी करिव ९०० जना पर्यवेक्षकहरु परिचालित थियो ।
- त्यसैगरी राष्ट्रियसभाको निर्वाचनको लागि प्रदेश नं. २ बाहेक प्रत्येक प्रदेशमा केन्द्रबाट नै दुईजनाका दरले पर्यवेक्षकहरु परिचालित रहेको थियो ।

- उच्चस्तरीय पर्यवेक्षक समूह

निर्वाचन पर्यवेक्षण कार्यलाई बढी विश्वसनीय र स्तरीय बनाउन जियोकले अध्यक्ष श्री हिमालय सम्शेर राणाको संयोजकत्वमा १२ सदस्यीय उच्च स्तरीय पर्यवेक्षण समूह गठन गरेको थियो । जसले राष्ट्रिय, जिल्ला र स्थानीय पर्यवेक्षकहरुको अनुगमन र अन्य पर्यवेक्षण गर्ने संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने काम गऱ्यो । यस समूहले चितवन, नवलपरासी, रुपन्देही, काठमाण्डौ, भक्तपुर, ललितपुर, इलाम, झापा, मोरङ, धनकुटा, कास्की, रौतहट, सप्तरी, धादिङ, बाग्लुङ, सिन्धुपाल्चोक जिल्लामा अनुगमन र पर्यवेक्षण गर्ने काम गऱ्यो ।

- निर्वाचन पर्यवेक्षण कल सेन्टर

निर्वाचन अगाडि, निर्वाचनको समयमा सम्पूर्ण राष्ट्रिय, जिल्ला, स्थानीय पर्यवेक्षकहरुसँग प्रत्यक्ष सम्पर्क गरी दैनिक सूचना सङ्कलन र प्रसारण गर्ने उद्देश्यले कल सेन्टरको स्थापना गरिएको थियो । मंसिर १ देखि ३० गतेसम्म स्थापित उक्त सेन्टरमा श्रीमती अस्मिता ढकाल, सुश्री संगीता भण्डारी, सुश्री सुमिता श्रेष्ठ, सुश्री वीणा कुँवर, सुश्री निवेदिता भण्डारीको सक्रिय सहभागिता रहेको थियो ।



उक्त समूहले बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म दैनिक रुपमा निर्वाचनसँग सम्बन्धित धारणाहरु, समाचार, निर्वाचनको तयारी अवस्थाको बारेमा जियोकले तयार पारेको खाका बमोजिम प्रतिवेदन तयार गरी विभिन्न सञ्चार माध्यम मार्फत सार्वजनिक गरेको थियो ।




- पत्रकार सम्मेलन

- निर्वाचन पर्यवेक्षण पूर्वको अवस्थामा निर्वाचनको तयारी जसमा निर्वाचन आयोगको व्यवस्थापन, सरकारी निकायको सहयोग र व्यवस्थापन उम्मेदवार र राजनीतिक दलले आचार संहिताको पालनाको अवस्था, हिंसाको अवस्था वारे सम्पूर्ण मतदातालाई जानकारी दिने उद्देश्यले २०७४ मंसिर ८ गते





अल्फा हाउसमा पत्रकार सम्मेलन गरियो । जसमा जियोक, नियोक, संकल्पको संयुक्त रुपमा प्रतिवेदन तयार गरी तीनवटै संस्थाको प्रमुखहरुले सार्वजनिक गरे । उक्त पत्रकार सम्मेलन माननीय प्रमुख आयुक्त अयोधी प्रसाद यादवको प्रमुख आतिथ्यमा भएको थियो । जसमा १०० जना पत्रकारहरुको सहभागिता थियो ।

- त्यसैगरी निर्वाचनको दिन पहिलो चरणको निर्वाचनको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गर्ने उद्देश्यले २०७४ मंसिर १० गते जियोकको कार्यालयमा पत्रकार सम्मेलन गऱ्यो ।
- पहिलो चरणको संक्षिप्त प्रतिवेदन र दोस्रो चरणको तयारीको अवस्था प्रतिवेदन सार्वजनिक गर्ने उद्देश्यले मंसिर १५ गते तीनवटै संस्थाको संयुक्त रुपमा अल्फा हाउसमा पत्रकार सम्मेलन भयो ।
- त्यसैगरी दोस्रो चरणको निर्वाचनको दिनको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गर्ने उद्देश्यले मंसिर १५ गते जियोकमा पत्रकार सम्मेलन सम्पन्न भयो ।
- दोस्रो चरणको अन्तिम प्रतिवेदन सार्वजनिक गर्ने र प्रमुख निर्वाचन आयुक्त श्री अयोधी प्रसाद यादवलाई सम्मान गर्ने उद्देश्यले संयुक्त पत्रकार सम्मेलन २०७४ मंसिर २६ मा अल्फा आउसमा सम्पन्न भयो । जसमा तीनवटै संस्थाले दिएका सुझावलाई भविष्यमा हुने निर्वाचनमा सुधार गर्ने र आवश्यक कानून निर्माण गर्न पहल गर्ने प्रतिबद्धता जाहेर गर्ने भयो ।
- पत्रकार सम्मेलनमा प्राप्त सुझावबाट निर्वाचन आयो गले निर्वाचन कार्यक्रमलाई केही प्रभावकारी रुपमा सञ्चालन गर्न मद्दत पुऱ्यायो भने उम्मेदवार, राजनीतिक दलका नेता तथा सदस्यहरु आचार संहिता पालना गर्न गराउन प्रतिबद्धता भएको पाइयो ।








- निर्वाचन आयोग र पर्यवेक्षक समूह बीच संवाद

  निर्वाचन कार्यक्रमलाई प्रभावकारी र पारदर्शी बनाउन निर्वाचन आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरु र जियोक/नियोक/संकल्पका पदाधिकारीहरु बीच पटक–पटक संवाद गरी निर्वाचनको अवस्था/सुधार गर्ने पक्ष र सुधारमा राजनीतिक पहिचान गर्ने काम भयो। जसबाट निर्वाचन आयोग धेरै लाभान्वित भएको छ।

- निर्वाचन पर्यवेक्षण समूह सदस्य बीच समन्वय

  निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरु, जसलाई निर्वाचन आयोगबाट निर्वाचन पर्यवेक्षण गर्न अनुमति प्रदान गरेको थियो, निर्वाचन पर्यवेक्षण प्रक्रिया र सवालमा संवाद र छलफल गर्ने उद्देश्यले पटक–पटक बैठक बस्यो। बैठकमा अनुमति प्राप्त ५२ वटा राष्ट्रिय र ५ वटा अन्तर्राष्ट्रिय संस्थाहरुको सहभागिता रहेको थियो। विशेष गरी जियोक, नियोक र संकल्पको संयुक्त प्रयासमा प्रश्नावली तयार गर्ने, पर्यवेक्षकहरु परिचालन गर्ने, संयुक्त पत्रकार सम्मेलन गर्ने र संयुक्त रुपमा निर्वाचन आयोगका पदाधिकारी बीच संवाद गर्ने लगायत संयुक्त प्रतिवेदन तयार गर्ने काम भयो। जसको फलस्वरुप पर्यवेक्षकहरुलाई धेरै मतदान स्थलमा पुर्‍याउन र स्तरीय प्रश्नावली तयार गर्नका साथै संयुक्त पत्रकार सम्मेलन मार्फत धेरै सरोकारवालाहरुको सहभागिता जुटाउन सफल भयो।

- प्रतिवेदन प्रकाशन

  जियोकले करिव ९०० जना पर्यवेक्षक– राष्ट्रिय, जिल्ला र स्थानीय स्तरका, जिल्लामा परिचालन गरी प्राप्त फाराम र प्रतिवेदनको आधारमा अन्तिम प्रतिवेदन तयार गरेको छ। जसमा पर्यवेक्षणको उद्देश्य, पर्यवेक्षण विधि, निर्वाचन सम्बन्धी कानूनको समीक्षा, निर्वाचनको विश्लेषण, निष्कर्ष र सुझावको बारेमा उल्लेख गरिएको छ। यस प्रतिवेदन नेपालीमा प्रकाशित गरी सम्पूर्ण सरोकारवाला– निर्वाचन आयोग, सरकार, राजनीतिक दल, पर्यवेक्षक, बुद्धिजीविलाई वितरण गरिएको छ। उक्त प्रतिवेदनलाई अंग्रेजीमा प्रकाशन गरी विदेशी सरोकारवालाहरुलाई वितरण गर्ने काम पनि सम्पन्न भएको थियो।

परिच्छेद
२
# पर्यवेक्षण विधि

## २.१. पर्यवेक्षण विधि

जियोकले यो निर्वाचनमा गुणात्मक र परिमाणात्मक दुबै किसिमको विश्लेषण विधि अपनाएको छ। गुणात्मक विश्लेषणका लागि दीर्घकालीन पर्यवेक्षकहरूको व्यवस्था गरिएको थियो भने परिमाणात्मक पर्यवेक्षणका लागि अल्पकालीन पर्यवेक्षकहरू। दीर्घकालीन पर्यवेक्षणको माध्यमबाट जिल्लाको निर्वाचन र राजनीतिक वातावरणको समग्र समीक्षा गरिएको छ। यसका निमित्त जिल्लाका सम्बन्धित सरोकारवालाहरू जिल्ला निर्वाचन अधिकृत, मुख्य निर्वाचन अधिकृत, सुरक्षा अधिकारीहरू, प्रमुख जिल्ला अधिकारी, मतदान अधिकृत, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूसँग अन्तर्वार्ता लिइएको थियो। पर्यवेक्षकलाई निर्देशिकाका रुपमा विभिन्न प्रश्नहरू समावेश भएको एउटा चेक लिष्ट उपलब्ध गराइएको थियो। पर्यवेक्षण प्रतिवेदनमा मुख्य मुख्य व्यक्तिहरू र आम नागरिकसँग लिइएको अन्तर्वार्ताको विश्लेषणको आधारमा निर्वाचन–पूर्व, मतदानको दिन र मतदानपछिको समग्र निर्वाचन र राजनीतिक वातावरणको समीक्षा गरिएको छ।

परिमाणात्मक विश्लेषणका लागि चार प्रकारका प्रश्नावलीहरु तयार गरिएका थिए। यसका लागि गाउँ र नगरपालिकास्तरमा अल्पकालीन पर्यवेक्षकहरूको व्यवस्था गरिएको थियो। यी प्रश्नावलीहरू निर्वाचन कानून र प्रक्रिया अनुसार मतदान भयो भएन भन्ने विषयका साथै विभिन्न सरोकारवाला मतदाता, राजनीतिक कार्यकर्ता र निर्वाचन अधिकृतहरुका विचारमा निर्वाचन स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न भए–नभएकोबारे जानकारी प्राप्त गर्ने उद्देश्यले निर्माण गरिएको थियो। सङ्कलित जानकारीहरूलाई परिमाणात्मक विश्लेषणका लागि कोडिङ् गरी तालिकामा उपलब्ध हुने व्यवस्था गरिएको थियो।

जियोकले मुलुकको तीनवटै भौगोलिक क्षेत्र र सबै प्रदेश समावेश हुनेगरी हिमाली २, पहाड १६ र तराई १२ गरी जम्मा ३० जिल्लामा पर्यवेक्षण गरेको छ। पर्यवेक्षणमा सबै प्रदेशका दुईदेखि आठ जिल्लाहरु परेका छन्। यसका लागि नगर र गाउँस्तरीय, जिल्ला र राष्ट्रिय स्तरका पर्यवेक्षकहरुको व्यवस्था गरेको थियो। पर्यवेक्षकको छनौट गर्दा जियोकमा संलग्न सबै निकाय, विविध विधा र लैङ्गिकक्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो। निर्वाचन पर्यवेक्षणको अध्ययनका लागि लामो र छोटो अवधिका पर्यवेक्षकहरु परिचालन गरिएको थियो। लामो अवधिमा ७० जना, जसले निर्वाचनको सम्पूर्ण प्रक्रियाको पर्यवेक्षण गरे भने छोटो अवधिमा ६५० जना पर्यवेक्षकहरुले मतदानसम्बन्धी प्रक्रियाको विस्तृत रुपमा पर्यवेक्षण गरेका थिए। जियोकमा आबद्ध संस्थाहरुको सल्लाहमा राष्ट्रिय तथा जिल्ला स्तरका पर्यवेक्षक नियुक्त गरिएको थियो भने नगर र गाउँस्तरीय पर्यवेक्षकको नियुक्ति जिल्ला पर्यवेक्षकले गरेको थियो। पर्यवेक्षकहरुको चयन गर्दा अनुभवी र बौद्धिकवर्गको सहभागिता गराउनुका साथै महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम, मधेशीको समावेशी सहभागितामा ध्यान दिइएको थियो।

मतदाताहरुको मतदान गर्ने अधिकार संरक्षणप्रति प्रतिबद्ध हुँदै पर्यवेक्षकहरुको छनौटमा जियोकले अन्य कुराहरुका अतिरिक्त दक्षता र निष्पक्षतालाई मुख्य आधार बनाएको थियो। सबै तहका पर्यवेक्षकहरुलाई नियुक्तिपत्र प्रदान गर्नुका साथै आयोगद्वारा तोकिएको ढाँचामा सपथ लिने व्यवस्था मिलाइएको थियो।

## २.२. पर्यवेक्षण संस्थाहरू बीच समन्वय

यो निर्वाचनमा पर्यवेक्षण गर्ने संस्थाहरू बीच दोहोरोपन नआओस भन्ने निर्वाचन आयोगको अपेक्षा अनुसार पर्यवेक्षण गरिने मतदान केन्द्रहरूमा पर्यवेक्षकहरु परिचालन गर्नुका साथै मतदाताहरूलाई सोध्ने प्रश्नहरू संयुक्त रुपमा तयार गर्न विशेष गरी जियोक, नियोक र सङ्कल्प बीच नियमित समन्वय गरिएको थियो।

## २.३. पर्यवेक्षण तालिम




पर्यवेक्षकहरूलाई आफ्ना काम कुशलतापूर्वक र प्रभावकारी तवरमा सम्पन्न गर्नमा सहयोग पुगोस् भन्ने उद्देश्यले तालिम–अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । प्रशिक्षण कार्यक्रममा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनसम्बन्धी कानूनी व्यवस्थाहरु, पर्यवेक्षणको उद्देश्य, निष्पक्षता, आचार संहिता पालना आदि विषयमा विस्तृत रुपमा जानकारी गराइएको थियो। राष्ट्रिय र जिल्ला पर्यवेक्षकहरुलाई काठमाडौंमा तालिम प्रदान गरिएको थियो भने जिल्ला–जिल्लामा नगरपालिका र गाउँपालिका पर्यवेक्षकहरुलाई एक दिवसीय तालिम दिइएको थियो।

## २.४. पर्यवेक्षण नमूनाको आकार

जियोकले मुलुकका विभिन्न भौगोलिक क्षेत्रका गाउँपालिका र नगरपालिकाको प्रतिनिधित्व हुने गरी नमूनामा परेका जिल्ला तथा मतदान केन्द्रहरु निर्वाचन पर्यवेक्षणका लागि समावेश गरेको थियो। पर्यवेक्षणमा सातै प्रदेशबाट नगरपालिका र गाँउपालिका गरी जम्मा १,३५० मतदान केन्द्रहरू समावेश गरिएका थिए। मतदानदेखि मतगणना सम्मका सबै प्रक्रियाको भरपर्दो सूचना र तथ्याङ्क प्राप्त गर्ने पर्यवेक्षणको उद्देश्य रहेको थियो । पर्यवेक्षणको क्रममा जानकारी हासिल गर्न निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकनका साथै सरोकारवालाहरुको विचार बुझ्न अन्तर्वार्ताको माध्यम अपनाइएको थियो।

निर्वाचन अभियानको सबै प्रक्रियाको भरपर्दो सूचना प्राप्त गर्नका लागि सरोकारवाला तीनवटै समूह मतदाता, राजनीतिक कार्यकर्ता र मतदान अधिकृत सबैबाट प्रश्नावलीको माध्यमद्वारा सूचना तथा जानकारी सङ्कलन गरियो। पर्यवेक्षण प्रश्नावली महिला तथा पुरुष र गाउँपालिका र नगरपालिका दुबै क्षेत्रको सन्तुलित जानकारी प्राप्त हुनेगरी निर्माण गरिएको थियो। प्राप्त सूचना र विवरणलाई कोडिङ् गरी विभिन्न तालिकामा रुपान्तर गरिएको थियो। प्रस्तुत प्रतिवेदन जियोकले पर्यवेक्षणका लागि चयन गरेको ३६ जिल्लाका जम्मा ९०० पर्यवेक्षकहरुबाट प्राप्त जानकारीको संश्लेषण हो।

परिच्छेद
३

# प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी नेपाल कानूनको समीक्षा

## ३.१. निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड

स्वच्छ, स्वतन्त्र र आवधिक निर्वाचन, स्वीकार्य सिद्धान्तको पालना, समान मताधिकार, गोप्य मतदान, पारदर्शी गणना तथा परिणामको घोषणा निर्वाचनका विश्वव्यापी मान्यता हुन्। लोकतन्त्र तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डले स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनको वारेमा विभिन्न व्यवस्था गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रुपमा चुनिएका प्रतिनिधि मार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ। साथै यस्तो अधिकार निर्वाचनका विश्वव्यापी मान्यता वमोजिम हुने स्वच्छ, स्वतन्त्र र आवधिक निर्वाचन मार्फत प्रयोग गर्न पाउने व्यवस्था गरेको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अुनबन्ध, १९६६ को साझा धारा १ ले हरेक नागरिकलाई आफ्नो राजनीतिक हैसियत निर्धारण गर्ने लगायतका विषयमा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ। साथै, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २५ मा सदस्य राष्ट्रका नागरिकका लागि प्रत्यक्ष रुपमा छानिएका प्रतिनिधिहरु मार्फत सार्वजनिक जीवनमा प्रवेश गर्ने तथा समान रुपमा गरिने निष्पक्ष तथा गोप्य मतदानको माध्यमबाट निर्वाचनमा भाग लिने तथा निर्वाचित हुने अधिकारको व्यवस्था गरिएको छ। यस्तो राजनीतिक जीवनमा भाग लिन पाउने अधिकारको सुनिश्चित गर्नका लागि नारीको राजनीतिक अधिकार विषयक महासन्धि, १९५४ को धारा १, २ र ३ ले महिलालाई पुरुष सरह सबै प्रकारको निर्वाचनमा समान रुपमा भाग लिन पाउने तथा सार्वजनिक रुपमा निर्वाचित हुने निकायमा विना भेदभाव निर्वाचित हुन पाउने अधिकार सुनिश्चित गरेको छ भने महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ को धारा ७ मा सबै निर्वाचन तथा जनमत सङ्ग्रहहरुमा मत दिने अधिकार तथा सार्वजनिक रुपमा निर्वाचित हुने संस्थाहरुमा निर्वाचनका लागि योग्य हुन पाउने अधिकारको व्यवस्था गरिएको छ। जातीय भेदभाव विरुद्धको महासन्धि, १९६५ को धारा ५(ग) ले राजनीतिक जीवनमा सहभागी हुने विषयमा जातीय आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ। स्वतन्त्र राष्ट्रका आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ (आईएलओ कन्भेन्सन, १६९) को धारा ३ ले पनि स्वतन्त्र राष्ट्रका आदिवासी जनजातिहरुको हक अधिकार अन्य समुदायको भन्दा फरक हुन नहुंने उल्लेख गरेका छन्।

## ३.२. प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी नेपाल कानून

### ३.२.१. नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ ले नेपालमा सङ्घीय शासन व्यवस्था अवलम्बन गर्ने व्यवस्था गर्दै तीन तहको सरकार अन्तर्गत सङ्घीय तह, प्रदेश तह र स्थानीय तह रहने व्यवस्था गरेको छ। यसरी गठन हुने तीनै तहमा कानून निर्माण गर्ने जननिर्वाचित निकाय रहने व्यवस्था छ, जस अनुसार सङ्घीय तहमा प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक व्यवस्थापिका रहने, प्रदेश तहमा एक सदनात्मक प्रदेश सभा रहने र स्थानीय तह अन्तर्गत गाउँपालिकामा गाउँ सभा तथा नगरपालिकामा नगर सभा रहने व्यवस्था गरिएको छ। संविधानले सङ्घीय व्यवस्थापिका अन्तर्गत प्रतिनिधिसभाका सदस्यहरु पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचन हुने व्यवस्था गरेको छ। जस अनुसार प्रत्येक निर्वाचन क्षेत्रबाट एक व्यक्ति एक मतका आधारमा निर्वाचन हुने १६५ जना सदस्यहरु र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ११० जना गरी जम्मा २७५ जना प्रतिनिधिसभा सदस्य रहने

व्यवस्था छ। सङ्घीय संसद अन्तर्गत राष्ट्रिय सभामा समावेशी सिद्धान्तका आधारमा प्रत्येक प्रदेशबाट ८ जनाका दरले ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने ३ जना गरी जम्मा ५९ जना सदस्य रहने व्यवस्था छ। यसैगरी प्रदेश सभामा पनि पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली वमोजिम सदस्यहरु निर्वाचित हुने व्यवस्था छ।

### ३.२.२. निर्वाचन आयोग ऐन, २०७३

नेपालको संविधान (२०७२) ले संवैधानिक निकायको रुपमा निर्वाचन आयोग गठन हुने व्यवस्था गरेको छ। यसरी गठन हुने आयोगमा एक जना प्रमुख निर्वाचन आयुक्त र चार जना निर्वाचन आयुक्तहरु रहने तथा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्ने संवैधानिक व्यवस्था छ। निर्वाचन आयोगले संवैधानिक कार्यादेश वमोजिम राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, सो प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने तथा संविधान र सङ्घीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने व्यवस्था छ। माथि उल्लेख गरिएका संवैधानिक व्यवस्था कार्यान्वयन गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ जारी गरिएको छ। उक्त ऐनले मूलतः आयोगको काम, कर्तव्य र अधिकार, आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन, निर्वाचन आचारसंहिताको तर्जुमा र कार्यान्वयन, निर्वाचन खर्च सम्बन्धी व्यवस्थाको नियमन लगायतका विषयमा व्यवस्था गरेको छ। उक्त ऐनको व्यवस्था अनुसार निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढङ्गबाट निर्वाचन सम्पन्न गर्न पर्यवेक्षणका लागि आयोगले स्वदेशी तथा विदेशी संस्थाहरुलाई निर्वाचन पर्यवेक्षण गर्ने अनुमति दिन सक्ने तथा निर्वाचन आचारसंहिता बनाई लागू गर्न सक्ने व्यवस्था समेत गरेको छ।

### ३.२.३. निर्वाचन (कसूर तथा सजायं) ऐन, २०७३

स्थानीय तहको निर्वाचन सञ्चालन र व्यवस्थापनका क्रममा विभिन्न सरोकारवालाहरुबाट हुन सक्ने गैरकानूनी कार्यलाई नियन्त्रण तथा सजायं गर्नका लागि निर्वाचन (कसूर तथा सजायं) ऐन, २०७३ जारी भएको हो। यस ऐनले स्वच्छ र स्वतन्त्र निर्वाचन कार्य सम्पन्न गर्ने कार्यमा सृजना हुने कुनै पनि कसूरलाई निर्वाचन अपराध घोषणा गरी सजायंको समेत व्यवस्था गरेको छ। मूलतः यस ऐनले उम्मेदवारले मनोनयन दाखिला गर्दा झूट्ठा कागजात तथा विवरण पेश गर्न नहुंने, निर्वाचन सामग्रीको अनधिकृत प्रयोग वा क्षति गर्न नहुंने, नक्कली व्यक्ति भई मतदान गर्न नहुने, स्वच्छ र स्वतन्त्र निर्वाचन प्रभावित हुने गरी कुनै काम कारवाही गर्न नहुंने, कानून वमोजिम बाहेक कुनै नगद वा जिन्सी लिन दिन नहुंने, निर्वाचनको प्रचार–प्रसार गर्दा कानूनले तोकेका शर्तहरु पालना गर्नुपर्ने, सरकारी सम्पतिको दुरुपयोग गर्न नहुंने तथा उल्लिखित कार्य गरेमा कसूर गरेको मानि सजायंको भागीदार बन्नुपर्ने व्यवस्था गरेको छ।

### ३.२.४. राजनीतिक दल सम्बन्धी ऐन, २०७३

नेपालको संविधान (२०७२) ले कानून वमोजिम प्रत्येक व्यक्तिलाई राजनीतिक दल खोल्ने स्वतन्त्रता प्रदान गरेको छ। यसरी खोलिएका दलहरुलाई कानून वमोजिम बाहेक प्रतिबन्ध लगाउन नपाईने र यसरी बन्ने कानून पनि संविधानको भावना अनुसारको हुनुपर्ने कुरा संविधानले नै प्रत्याभूत गरेको छ। तथापि दल खोल्नका लागि संविधान र कानूनले केही महत्वपूर्ण शर्तहरु तोकेको छ जुन शर्तहरु पूरा गर्नु सम्बन्धित व्यक्ति तथा सरोकारवालाहरुको दायित्व हुन्छ। संविधानको सो व्यवस्था वमोजिम राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तर्जुमा भई कार्यान्वयन भएको छ। उक्त ऐनले निर्वाचन प्रयोजनका लागि राजनीतिक दलको मान्यता पाउन दल दर्ता हुनुपर्ने, दलहरु एक आपसमा गाभिन सक्ने, दल लोकतान्त्रिक तथा सबैका लागि खुल्ला हुनुपर्ने, दल त्याग गरेको मानिने अवस्था, संसदीय दलको व्यवस्था, दलको आर्थिक तथा अन्य कार्यहरु पारदर्शी हुनुपर्ने व्यवस्था, दल सम्बन्धी विवादहरुको निरुपण गर्ने विषयहरु वारे व्यवस्था गरेको छ।

### ३.२.५. प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको सङ्घीय संसद अन्तर्गत प्रतिनिधिसभा गठन कार्य व्यवस्थित गर्नका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तर्जुमा भई लागू भएको छ। प्रतिनिधि सभामा पहिलो हुने निर्वाचन हुने निर्वाचन प्रणाली र समानुपातिक

निर्वाचन प्रणाली दुबै अवलम्बन गर्ने संवैधानिक व्यवस्था वमोजिम उक्त ऐनले सोही वमोजिम सभाका सदस्यहरु निर्वाचित हुने व्यवस्था गरेको छ। यसका अतिरिक्त उक्त ऐनले निर्वाचन प्रणाली, निर्वाचनको सूचना तथा निर्वाचन कार्य सम्पन्न गर्ने अधिकारीहरु, उम्मेदवार र मनोनयनपत्र सम्बन्धी व्यवस्था, मतदान केन्द्र, मतपत्र तथा मतपेटिका, मतदान, मतगणना र निर्वाचन परिणाम घोषणा, उम्मेदवार वा दलका प्रतिनिधि लगायतका विषयमा व्यवस्था गरेको छ।

### ३.२.६. प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको प्रदेश सभा गठन कार्य व्यवस्थित गर्नका लागि प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ तर्जुमा भई लागू भएको छ। संवैधानिक व्यवस्था अनुसार उक्त ऐनले एकसदनात्मक प्रदेश व्यवस्थापिकाका लागि पहिलो हुने निर्वाचिन हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचनप्रणाली अवलम्वन गर्ने व्यवस्था गरेको छ। प्रतिनिधिसभा सदस्य ऐनले जस्तै यस ऐनले पनि निर्वाचन प्रणाली, निर्वाचनको सूचना तथा निर्वाचन कार्य सम्पन्न गर्ने अधिकारीहरु, उम्मेदवार र मनानयनपत्र सम्बन्धी व्यवस्था, मतदान केन्द्र, मतपत्र तथा मतपेटिका, मतदान, मतगणना र निर्वाचन परिणाम घोषणा, उम्मेदवार वा दलका प्रतिनिधि लगायतका विषयमा व्यवस्था गरेको छ।

### ३.२.७. प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४

प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचनलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि ऐनले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले क्रमशः प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ उक्त तर्जुमा गरी जारी गरेको छ। उक्त नियमावलीले मूलतः निर्वाचन कार्यक्रमको सूचना, निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार, दुबै प्रकारका निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको उम्मेदवार मनोनयन सम्बन्धी व्यवस्था, निर्वाचन चिन्ह प्रदान गर्ने विषय, मतदान केन्द्र, मतपत्र र मतपेटिका, मतदान कार्य, मतगणना र निर्वाचन परिणामको घोषणा, उम्मेदवार तथा दलका प्रतिनिधिहरु लगायतका विषयमा व्यवस्था गरेको छ।

### ३.२.८. प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७४

प्रतिनिधिसभा सदस्य ऐन, २०७४ को दा ८० र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ तर्जुमा गरी कार्यान्वियन गरेको छ।

### ३.२.९. मतदाता नामावली ऐन, २०७३

निर्वाचनको महत्वपूर्ण पक्ष भनेको मतदाताहरुको सक्रिय सहभागिता हो। कानूनले तोकेको योग्यता पुगेको हरेक नेपाली नागरिक मतदान प्रयोजनका लागि मतदाताको रुपमा मान्यता प्राप्त गर्न सक्छ। निर्वाचन प्रयोजनका लागि मतदाता नामावली सङ्कलन र छानवीन गरी अन्तिम नामावली निर्धारण गर्नुपर्छ, जुन कार्य संविधानतः निर्वाचन आयोगले गर्नेगरी तोकिएको छ। मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि मतदाता नामावली ऐन, २०७३ तर्जुमा भई लागू भएको छ। उक्त ऐनले मतदाता हुन सक्ने व्यक्ति, मतदाता नामावली सङ्कलन तथा दर्ता गर्ने अधिकारी, अस्थायी मतदाता सम्बन्धी व्यवस्था गरेको छ।

### ३.२.१०. निर्वाचन आचारसंहिता

निर्वाचन आयोग ऐन, २०७३ को परिच्छेद ४, दफा २२ र २३ ले निर्वाचन आचारसंहिताको वारेमा व्यवस्था गरेको छ। ऐनको दफा २२ को व्यवस्था अनुसार निर्वाचन आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शीता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आचारसंहिता बनाई लागू गर्न सक्ने व्यवस्था गरेको छ। साथै, उक्त दफामा त्यस्तो आचारसंहिता विभिन्न तहका सरकार एवं

त्यसका पदाधिकारी एवं कर्मचारी, सेना, प्रहरी, निर्वाचनको कार्यमा संलग्न व्यक्तिहरु, राजनीतिक दल, उम्मेदवार तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिहरु, सरकारी तथा नीजि क्षेत्रका सञ्चारमाध्यमहरु, नीजि तथा गैरसरकारी संस्थाहरुलाई निर्वाचन आचारसंहिता लागू हुने व्यवस्था गरिएको छ। ऐनको दफा २३ ले निर्वाचन आचारसंहिता पालना भए वा नभएको अनुगमन गर्ने गराउने सक्ने व्यवस्था गरेको छ। ऐनको सो व्यवस्था वमोजिम निर्वाचन आयोगले सर्वपक्षीय छलफल गरी स्थानीय तह निर्वाचन आचारसंहिता बनाइ जारी गरेको थियो। आचारसंहिताको व्यवस्था वमोजिम कसैले यसको उलङ्घन गरेको पाइएमा उम्मेदवारी रद्द गर्ने वा आर्थिक जरीवाना गर्न सक्नेसम्मको व्यवस्था समावेश गरिएको छ।

### ३.२.११. निर्वाचन पर्यवेक्षकहरुका लागि पर्यवेक्षण आचारसंहिता

निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ तथा निर्वाचन आयोग नियमावली, २०७३ को नियम ६ ले निर्वाचन आयोगले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित कामकारवाहीको पर्यवेक्षण गर्नका लागि अनुमति दिन सक्ने व्यवस्था गरेको छ। साथै यसरी आयोगले पर्यवेक्षण गर्ने अनुमति दिइएकोमा अनुमति प्राप्त व्यक्ति वा संस्थाले आयोगले तोकेको पर्यवेक्षण आचारसंहिता पालना गर्नुपर्छ। ऐन तथा नियमावलीको उक्त व्यवस्थालाई कार्यान्वयन गर्नका लागि निर्वाचन आयोगले स्थानीय तह निर्वाचन पर्यवेक्षण आचारसंहिता जारी गरी आयोगबाट मान्यता प्राप्त व्यक्ति तथा संस्थाहरुले पालना गर्नुपर्ने व्यवस्था गरिएको थियो।

परिच्छेद
४

# प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण विश्लेषण

२०७२ असोज ३ गते जारी भएको नेपालको संविधानको एउटा मुख्य विशेषता हो शासन व्यवस्थाको पुनर्संरचना । संविधानको कार्यान्वयनको क्रममा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य दुई तहको निर्वाचन मंसिर १० र मंसिर २१, २०७४ दुई चरणमा सम्पन्न भएपश्चात देशमा अब सङ्घ, प्रदेश र स्थानीय तीन तहको शासकीय व्यवस्थाको संरचना तयार भएको छ। यसअघि नै वैशाख ३१ देखि असोज २ सम्म तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भईसकेको छ। यो निर्वाचनबाट संविधान कार्यान्वयनको एउटा महत्वपूर्ण चक्र पूरा हुनुका साथै मुलुकमा दुई दशक लामो संक्रमणकालको अन्त्य हुने जनताको विश्वास रहेको छ।

२०७४ मंसिर १० र २१ गतेको पूर्वसन्ध्या र मतदानका दिन निर्वाचन बिथोल्न गरिएको बम प्रहार, बम विष्फोटन, उम्मेदवार लक्षित एम्बुस, तोडफोड आदि हिंसाका घटनाहरू भए । निर्वाचन बहिष्कार गर्ने समूहका यस्ता घटनाहरूबाट केही उम्मेदवार र कार्यकर्ताहरू हताहत पनि भए तर यसबाट उम्मेदवारको निर्वाचन प्रचार-प्रसारमा कमी आएन, निर्वाचनको वातावरणलाई प्रभाव पारेको देखिएन। जनताका मनमा केही मात्रामा त्रास उत्पन्न भएपनि नागरिकको चेतना, निर्भीकता र अठोटबाट प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सहजताका साथ सम्पन्न भयो । विभिन्न चुनौतिहरू पार गर्दै निर्वाचन आयोगले निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ।

## जिल्लाको राजनीतिक र निर्वाचन वातावरण

जियोकले निर्वाचन-पूर्व दीर्घकालीन पर्यवेक्षकहरूबाट स्थानीय नागरिक, सरोकारवाला संस्था, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरूसँग अन्तरवार्ता, छलफल र जिल्ला सदरमुकाम-केन्द्रित स्थलगत निरीक्षणको आधारमा निर्वाचन-पूर्वको स्थितिबारे समीक्षा गर्न टोली पठाएको थियो । पर्यवेक्षकहरूबाट प्राप्त प्रतिवेदनहरूको आधारमा जिल्लाको समग्र राजनीतिक एवं निर्वाचन वातावरण, सुरक्षा स्थिति र निर्वाचन-पूर्वका गतिविधि उम्मेदवारी दर्ता, मतदाता शिक्षा, आचार संहिताको पालना, निर्वाचन खर्च, सुरक्षा स्थितिको समीक्षा प्रेस विज्ञप्तिद्वारा सार्वजनिक गरेको थियो। संविधानले तोकेको समयसीमा भित्र सम्पन्न गर्नुपर्ने तीन तहको निर्वाचनबाट मुलुकमा राजनीतिक स्थिरता, सुशासन र समृद्धि आउने विश्वास लिएका आम जनता निर्वाचनमा मतदान गर्न आतुर पाइयो।

पर्यवेक्षकहरुले गरेको निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकन, मतदाता र स्थानीय जनतासँग प्रश्नावलीको माध्यमबाट प्राप्त जानकारीलाई यहाँ निर्वाचन-पूर्व, मतदानको दिन, मतगणना तथा निर्वाचन परिणाम, सुरक्षा र हिंसा र महिला सहभागिता शीर्षक अन्तर्गत विश्लेषण प्रस्तुत गरिएको छ । यो निर्वाचनबाट दलहरूले गरेको वाचा अनुसार मुलुकमा अब राजनीतिक स्थिरता आउने र मुलुक समृद्धितर्फ लम्कने आशा र विश्वासका साथ जनता निर्वाचनमा सरीक भए।

पर्यवेक्षकहरुले गरेको निर्वाचन प्रक्रियाको प्रत्यक्ष अवलोकन, मतदाता र स्थानीय जनतासँगको कुराकानीबाट प्राप्त जानकारीलाई यहाँ निर्वाचन-पूर्व, मतदानको दिन, मतगणना तथा निर्वाचन परिणाम र महिला र समावेशि शीर्षक अन्तर्गत विश्लेषण प्रस्तुत गरिएको छ।

## ४.१. निर्वाचन–पूर्व

निर्वाचन–पूर्वको प्रक्रियामा मतदाता नामावली दर्ता रं परिचयपत्र वितरण, मतदाता शिक्षा, उम्मेदवारी दर्ता, आचार संहिता पालना र सुरक्षा र हिंसा गरी पाँच उप–शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ।

### ४.१.१. मतदाता नामावली दर्ता र परिचयपत्र वितरण





निर्वाचन आयोगले आम निर्वाचनपूर्व र सालवसाली रुपमा फोटोसहितको मतदाता नामावली अद्यावधिक गर्ने सिलसिलामा स्थानीय तहको निर्वाचन पछि मतदाता नामावली दर्ताको प्रक्रिया सुरु गरेको थियो । यो निर्वाचनमा मतदाताको जम्मा संख्या १,५४,२७, ९३८ (एक करोड चउन्न लाख सत्ताइस हजार नौसय अठतीस) पुग्यो । तथापि, कतिपय जिल्लामा त्यहाँका नागरिकले मतदाता नामावली दर्ता गर्न दिइएको समय कम भएको र फोटो खिचाउने प्रक्रिया अत्यन्त झंझटिलो भएको बताए । जुम्लाका नागरिकले नाम लेखाउन घण्टौं लाममा बस्नुपरेको गुनासो गरे।

जियोकले पर्यवेक्षण गरेका जिल्लाहरूमा यस पटक पनि मतदाता नामावलीमा प्रसस्तै त्रुटि र नामावली र परिचयपत्र बीच तालमेलको अभाव देखियो । उदाहरणका लागि फोटो खिंचाएको प्रमाण छ तर मतदाता नामावलीमा नाम नभएको, नाम र थरमा गल्ती भएको, फोटो नमिलेको, एकै मतदाताको नाममा दुईवटा परिचयपत्र जारी भएको, आदि। यो वर्ष मतदाता नामावली अद्यावधिक गर्दा मतदाता नामावलीको ऋम संख्या परिवर्तन हुन गएकोले पनि नाम खोज्न समस्या भएको देखियो। नाम दर्ता गर्ने अन्तिम मिति र निर्वाचनको दिनका बीच १८ वर्ष पुगेका करिव एकलाख सत्तरी हजार युवाले पनि निर्वाचनको लागि नाम दर्ता गर्न नपाउँदा मतदानबाट वञ्चित हुन पुग्यो।

यो निर्वाचनमा पनि मतदाता परिचयपत्र वितरणको काम निर्वाचन केन्द्रबाटै गर्ने व्यवस्था गरिएकोमा मतदानपूर्व र मतदानकै दिनको पर्यवेक्षणको ऋममा कतिपय परिचयपत्र वितरण गर्न बाँकी रहेको देखियो। पर्यवेक्षणको ऋममा कतिपय मतदाता परिचयपत्र नभएको कारणले मात्र पनि मतदानबाट बञ्चित हुनपुगे। मतदाता नामावलीमा नाम भएकाहरूले परिचय खुल्ने अन्य कुनै प्रमाण दिएमा मतदान गर्नसकिने आयोगले गरेको व्यवस्थाबारे कतिपय मतदान केन्द्रमा संलग्न कर्मचारीहरूमा स्पष्ट जानकारीको अभाव देखियो।

### ४.१.२. मतदाता शिक्षा

दुबै चरणको निर्वाचनमा मतदाता शिक्षा कमजोर र अपर्याप्त देखिएको कुरा धादिङ, बाग्लुङ, गोरखा जिल्लाको पर्यवेक्षणमा मतदाताले बताए। कतिपय मतदाताको विचारमा स्थानीय तहको भन्दा यो निर्वाचनमा मतदाता शिक्षा प्रभावकारी भएन। कतिपय मतदाताहरू समानुपातिकको मतपत्रमा अलमलिएको र दोस्रो मतपत्रमा चिन्ह लगाउनुनै बिर्सेको भन्ने थाहा हुन आयो। मुस्ताङ्मा भने मतपत्र र मतपेटिका फरक फरक भएकोले मतदान सहज भएको कुरा सुनियो। निर्वाचन अधिकारीहरूको भनाइमा कानून निर्माणमा भएको ढिलाईका कारण छपाई आदि समग्र तयारी र ढुवानी समयमा हुन सकेन। साथै, मतपत्रको डिजाइन दुइबाट तीन मतपत्र गर्दा छपाइमा

बढी समय लाग्नजाँदा मतदाता शिक्षा सामग्री समयमा जिल्ला जिल्लामा पुऱ्याउन नसकिएको भन्ने भनाइ रह्यो। यो कमजोरीका कारण गोरखा बारपाकमा घले भाषामा नै एक जना स्थानीय शिक्षकले दुइवटा मतपत्रको नमूना देखाउँदै मतदाता शिक्षा दिइरहेको पाइयो। तीनवटा मतपत्र हुनेबारे ती शिक्षक आफैलाई थाहा नभएको देखियो। त्यसैगरी रुपन्देहीका मतदाताले मतदाता शिक्षादिने व्यक्तिनै अनभिज्ञ रहेको भने। दोलखामा संचार माध्यममा आएजस्तो प्रचार–प्रसार व्यापक नभएको, सप्तरीका कतिपय मतदाताले मतदाता शिक्षक घर दैलोमा आएकै छैन भने। हाम्रा पर्यवेक्षकहरूले ३,२५० मतदाताहरूलाई यो विषयमा प्रश्न गर्दा ७६३ अथवा २३.३ प्रतिशत मतदाताले आफ्नो टोलमा मतदाता शिक्षा दिन कोही पनि नआएको बताए।



### ४.१.३. उम्मेदवारी दर्ता



सबैजसो दलले एक तिहाइ महिलाको उम्मेदवारीको प्रावधानका विपरित यो निर्वाचनमा ज्यादै कम महिला उम्मेदवार बनाए। दलमा व्यक्तिको देनभन्दा नातागोता र निर्वाचनमा खर्च गर्नसक्नेलाई छानियो। दलहरूले उम्मेदवार छनौटमा विजय हासिल गर्नु नै आफ्नो उद्देश्य राखी गैरराजनीतिक चरित्र र विवादित व्यक्ति (हत्यामा आरोपित, आपराधिक पृष्ठभूमिका, व्यापारी, आदि) र दुई दिन पहिलेमात्र दलमा प्रवेश पाएकाहरू समेत उम्मेदवार बनाए। कतिपय जिल्लाहरूमा महिलाको उम्मेदवारी शून्य रहेको छ। दोलखा, बागलुङ् र नुवाकोटमा प्रतिनिधि सभातर्फ प्रत्यक्षमा महिलाको उम्मेदवारी शून्य र ह्योभने नुवाकोटमा प्रदेश सभामा बामगठबन्धन (माओवादी केन्द्र) बाट एकजना महिला उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको देखियो। सप्तरीमा समावेशी भन्दा उम्मेदवारी साम, दाम, दण्ड, भेद र आर्थिक अवस्था बलियो रहेकाहरू छानिएको पाइयो। सङ्घीय संसदमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ। तर, दलहरूले प्रत्यक्ष निर्वाचनमा भन्दा पनि समानुपातिक निर्वाचनबाट ३३ प्रतिशत पुऱ्याउने उद्देश्यले प्रत्यक्षमा कम उम्मेदवारी दिएका छन्। यसका पछाडि महिलाभन्दा पुरुषको उम्मेदवारीले निर्वाचनमा सफलता पाइने मनसाय रहेको देखिन्छ। साथै, उम्मेदवार चयनमा सामाजिक विविधता पनि हेरिएन। निर्वाचन आयोगका अनुसार यो निर्वाचनमा प्रत्यक्षमा जम्मा ५,०८४ उम्मेदवारमध्ये महिलाको उम्मेदवारी प्रतिनिधि सभामा १४६ र प्रदेश सभामा २४० गरी जम्मा ३८६ रहेको छ। समानुपातिकतर्फ भने जम्मा ५,८३८ उम्मेदवारमध्ये महिलाको उम्मेदवारी प्रतिनिधि सभामा १,२२४ र प्रदेश सभामा १,९९३ गरी जम्मा ३,२१७ रहेको छ।



तालिका १. प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी, प्रतिनिधि सभा र प्रदेश सभा

| | पुरुष | महिला | कूल संख्या | निर्वाचित हुनुपर्ने संख्या |
|---|---|---|---|---|
| प्रतिनिधि सभा | १,६९९ (९२.१) | १४६ (७.९) | १,८४५ (१००.०) | १६५ |
| प्रदेश सभा | २,९९९ (९२.६) | २४० (७.४) | ३,२३९ (१००.०) | ३३० |
| कूल संख्या | ४,६९८ (९२.४) | ३८६ (७.६) | ५,०८४ (१००.०) | ४९५ |

तालिका १क. समानुपातिक निर्वाचन उम्मेदवारी, प्रतिनिधि सभा र प्रदेश सभा

| | पुरुष | महिला | कुल | निर्वाचित हुनुपर्ने संख्या |
|---|---|---|---|---|
| प्रतिनिधि सभा | १,०४८ (४६.१) | १,२२४ (५३.८) | २,२७३ (१००.०) | ११० |
| प्रदेश सभा | १,५७२ (४४.१) | १,९९३ (५५.९) | ३,५६५ (१००.०) | २२० |
| कूल संख्या | २,६२० (४४.९) | ३,२१७ (५५.१) | ५,८३८ (१००.०) | ३३० |

## ४.१.४. आचार संहिता पालना

निर्वाचन आयोगले निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवाला नेपाल सरकार र सरकारका कर्मचारी, स्थानीय तह र यसका कर्मचारी, राजनीतिक दल र उम्मेदवार, पर्यवेक्षक, आदिले पालना गर्नुपर्ने आचार संहिता लगायत उम्मेदवारले गर्न पाउने खर्चको सीमाबारे नियम र निर्देशिका बनाएको छ।



तर यी आचार संहिताको पालनामा कतिपय जिल्लामा संयमता अपनाइएको भए तापनि धेरैजसो जिल्लाहरूमा व्यापक रुपमा उलङ्घन भएको पर्यवेक्षणको क्रममा जानकारी हुन आएको छ। एकातिर निर्वाचनको प्रचार तथा प्रसारमा उम्मेदवारहरूले व्यापक रुपमा घरदैलो कार्यक्रम गरे तापनि निर्वाचन खर्च, प्रचार तथा प्रसारका सामग्रीको प्रयोग, सवारी साधनको प्रयोग, भोज भतेरमा ठूलो मात्रामा खर्च भएको अनुमान गर्न सकिन्छ । पर्यवेक्षणको क्रममा मुस्ताङ, गोरखा, दोलखा, बागलुङ, नुवाकोट, धनकुटा, जुम्ला, इलाम, भक्तपुर आदि जिल्लाहरूमा आचार संहिता पालना तुलनात्मक रुपमा राम्रो रह्यो । मौन अवधि सुरु भएपछि धनकुटा नगरपालिकाको कागते भन्ने ठाउँमा एउटा दलका कार्यकर्ताले मतदातालाई पैसा बाँड्न लागेको रु १ लाख ६९ हजार ५ सय रुपैयाँसहित बाम गठबन्धनका कार्यकर्ताहरूले पक्राउ गरी प्रहरीलाई बुझाएको र उक्त रकम जफत गरी भोलिपल्ट निजलाई कुनै कारवाही नगरी छोडिदिएको हाम्रा पर्यवेक्षकबाट जानकारी हुन आयो।

नुवाकोटमा आचार संहिताको पूर्ण पालना नभए पनि यसबारे दलहरू सचेत रहेको पाइयो । केही स्थानमा भने उदाहरणका लागि ककनी बजार दलहरूको निर्वाचन चिन्ह भएको ध्वजापताकाले सिँगारिएको थियो । कतिपय जिल्लाहरूमा मौखिक तथा लिखित उजुरीहरू प्राप्त भए । इलाममा उलङ्घनका घटनाहरूमा निर्वाचन कार्यालयबाट स्पष्टीकरण सोध्ने काम भयो तर उम्मेदवारहरूले भविष्यमा यस्तो काम नदोहोरिने वाचा र निर्वाचन कार्यालयबाट यस्तो नगर्ने आग्रहमा कारवाही सीमित रह्यो । गाडीमा मतदाता ओसार्नेगरेको भने सबै जिल्लामा देखियो । सिन्धुपाल्चोकमाः ठूला आकारका झण्डा,

फ्लेक्स बोर्डको प्रयोग, सभा समारोहमा दर्जनौ गाडीको प्रयोग, निर्वाचन अघि र मतदानका दिनमा समेत भोजभतेर गरेको पाइयो।

रौतहटमा डिजेको प्रयोग राती अबेरसम्म भएकोमा प्रहरी प्रशासन मूक दर्शक भए। मौखिक उजुरी गर्दा पनि यसमा कमी आएन। कैलालीमा तुल ब्यानर, दलका झण्डा, पम्प्लेट अधिक रुपमा पाइयो। भोज भतेर र पैसा बाँड्ने गरेको जानकारीमा आयो। उम्मेदवारका गाडीमा मतदाता ओसार्ने गरेको यहाँ पनि देखियो। कन्चनपुरमा निःशुल्क तेल वितरण गरेको जानकारीमा आयो। मोरङ्मा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी आचार संहिता उलङ्घन गरेको विषयमा विवाद भई प्रशासनबाट स्वास्थ्य शिविर बन्द गर्नुपरेको जानकारीमा आयो।

### स्वच्छ र निष्पक्ष निर्वाचन, मतदाता र राजनीतिक कार्यकर्ताको आँखामा

मतदाताहरूलाई यो निर्वाचन स्वच्छ र निष्पक्ष भयो भन्ने प्रश्नमा ३,२५० मतदातामध्ये १२४ मतदाताले अथवा ३.८ प्रतिशत मतदाताले निष्पक्ष भएन भने। यस्ता मतदातालाई किन भनी प्रतिप्रश्न (एकभन्दा बढी उत्तर) गर्दा ९३ ले आर्थिक चलखेलको कारण बताउनेहरूमा नुवाकोटमा १४, धनकुटा, चितवन र कैलाली प्रत्येकमा ८।८ र सप्तरीमा ७ मतदाता देखिए। त्यसैगरी प्रोक्सी भोटको कारण भन्ने ३० मतदातामा सबभन्दा बढी दोलखा, कैलाली र धादिङ्का मतदाता रहे। सुरक्षाको कारण बताउने २४ मध्ये सबैभन्दा बढी तीन जिल्ला दोलखा, पाल्पा र नुवाकोटका मतदाता देखिए। दोलखा प्रोक्सी मत र सुरक्षा दुबै दृष्टिकोणबाट उल्लेखनीय रह्यो।

राजनीतिक कार्यकर्ताहरूलाई यो निर्वाचन स्वच्छ र निष्पक्ष भयो भन्ने प्रश्नमा ३,२५१ राजनीतिक कार्यकर्ताहरूमध्ये १५६ अथवा ४.८ प्रतिशतले स्वच्छ र निष्पक्ष भएन भने र यसबारे थप प्रश्न गर्दा कारणहरूमा ८७ जनाले आचार संहिता पालनाको अभाव, ८४ जनाले सीमाभन्दा बढी खर्च र ५८ जनाले उम्मेदवार बीच अस्वस्थ प्रतिष्पर्धाको कारण बताए।

आर्थिक चलखेलका कारण निर्वाचन स्वच्छ र निष्पक्ष भएन भन्ने विषयमा मतदाता र राजनीतिक कार्यकर्ताहरूको समान धारणा रहेको देखियो।

जियोक पर्यवेक्षकहरूले ३,२५० मतदातालाई आचार संहिता पालनाका विषयमा प्रश्न गर्दा आचार संहिताको आंशिक मात्रामा मात्र पालना भयो भन्ने हरूको संख्या ७०० (२१.५प्रतिशत) रहेकोमा १७ जना (०.५ प्रतिशत) ले व्यापक मात्रामा उलङ्घन भयो भने। अर्को प्रश्नको उत्तरमा निर्वाचन स्वच्छ र निष्पक्ष भएन भन्ने मतदाताहरूको संख्या १२४ रहेकोमा कारण खुलाउने थप प्रश्न गर्दा (एकभन्दा बढी उत्तर दिन सकिने) ७५ प्रतिशतले आर्थिक चलखेल, २४ प्रतिशतले प्रोक्सी भोट भनेकोमा २१ प्रतिशतले असुरक्षा भने। यही प्रश्न ३,२५१ राजनीतिक कार्यकर्ताहरूलाई गरिएकोमा १५६ जनाले निष्पक्ष र स्वतन्त्र भएन भने र तिनीहरूलाई कारण खुलाउन थप प्रश्न गर्दा (एकभन्दा बढी उत्तर दिन सकिने) प्रचार प्रसारमा आचार संहिता पालनाको अभाव भन्नेहरू ८७, सीमाभन्दा बढी रकम खर्च गरेका भन्नेहरू ८४ र उम्मेदवार बीच अस्वस्थ प्रतिष्पर्धा भन्नेहरू ५८ जना देखिए।

नेपाल सरकार, स्थानीय तह, आदिका अधिकारीहरू पनि आचार संहिताको पालनामा उदासीन रहे। स्थानीय तहका निर्वाचित पदाधिकारीहरू आचार संहिता विपरित दलको प्रचारमा सक्रीय रहेको देखियो। सरकारले पनि उदाहरणका लागि बागलुङ्मा निर्वाचनको मुखैमा उपरिक्षक चन्द्रकुवेर खापुङ्को सरुवा, मतदान हुन ५ दिनमात्र बाँकी रहेको समयमा सरकारले नुवाकोटको प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखको सरुवा गरेको पाइयो। धादिङ्मा स्थानीय तहका निर्वाचित पदाधिकारीहरूले आचार संहिता विपरित दलको प्रचारमा सक्रिय रहेको देखियो। त्यसैगरी धनकुटामा प्राध्यापक, शिक्षक, खेलकूदका कर्मचारी प्रचारमा लागेको देखियो।

### ४.१.५. निर्वाचनमा त्रास

निर्वाचन बिथोल्न र जनतामा त्रासको वातावरण सिर्जना गर्न निर्वाचन अघिका दिनहरूमा धैरै स्थानमा बम विष्फोटनका घटनाहरू घटे। यस्ता घटनाहरू रोल्पा, बागलुङ, गोरखा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा लगायत जिल्लाहरूमा घटेका पाइए। यी

कुनै पनि घटनामा कसैले जिम्मेवारी नलिएपनि सुरक्षा स्रोत अनुसार यसमा नेकपा माओवादी (विप्लव) समूहको संलग्नता रहेको बताइयो। धेरै संख्यामा तिनका कार्यकर्ताहरू पनि समातिए। मंसिर १ गते निर्वाचन प्रचार-प्रसारको क्रममा नुवाकोट जिल्लाको प्रतिनिधि सभाको सदस्य उम्मेदवार नेपाली कांग्रेसका डा. रामशरण महतलाई लक्षित गरी ककनी गाँउपालिका ५ डाँडा गाउँमा माइन विस्फोट गराइएको र उक्त घटनामा नेपाली कांग्रेसका ४ जना कार्यकर्ता घाइते हुनाका साथै एउटा सवारी साधन ध्वस्त भयो। धादिङ्को जीवनपुर गाँउमा सकेट बम फेला परेको, गोरखा छेपेटार वडा १० मा बम राखिएकोमा सेनाले निष्क्रिय पारेको जानकारीमा आयो। राज्यमन्त्री चम्पादेवी खड्काको घर पछाडि बम विष्फोटन भयो। विप्लवका केही कार्यकर्ता पक्राउ र मुद्दा दायर गरिएको जानकारी आयो।




दोस्रो चरणको निर्वाचनको पूर्व संन्ध्यामा र मतदानका दिन कतिपय स्थानमा सुतली बम, कुकर बम, बाल्टिन बम जस्ता विष्फोटनका घटना भए । धेरै स्थानमा सकेट बम आदि फेला परेकोमा सुरक्षाकर्मीहरूले निष्क्रिय पारे। यस्ता घटनाहरू कैलाली, कंचनपुर, दाङ, रुपन्देही, नवलपरासी पूर्व, काठमाडौं, उदयपुर, धनकुटा, इलाम, सप्तरी लगायत जिल्लाहरूमा घटेका पाइए। यी सबै घटनाहरूका पछाडि नेकपा माओवादी (विप्लव समूह) को हात रहेको भन्ने जानकारी हुनआयो । कतिपय ठाउँमा त्यस पार्टीले स्वीकार समेत गरेको पाइयो । तराईका केही जिल्लाहरूमा निर्वाचन वहिस्कार र विरोधी राजनीतिक शक्ति सी.के. राउतका समर्थकहरू क्रियाशील थिए। यसबाट जिल्लामा त्रासको वातावरण रह्यो। यी घटनाहरूलाई ध्यानमा राखी सुरक्षाको निगरानी बढाइएको र ठूलो संख्यामा संदिग्ध र आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूलाई पक्राउ गरिएको जानकारीमा आयो।

सप्तरीमा मंसिर १८ गतेको राती सङ्घीय समाजवादी पार्टीका उम्मेदवार मोहम्मद समशुद मियाँमाथि मोटरसाइकल चढेर जाँदैगर्दा वोदे वर्साइनस्थित विहुल नदीमा अज्ञात समूहले छुरा प्रहार गरेको जानकारीमा आयो । मंसिर १२ गते दाङ्मा भएको बम विस्फोटनमा एक म्यादी प्रहरीको ज्यान गयो । त्यसको भोलिपल्टै उदयपुरमा भएको विस्फोटमा कांग्रेसका उम्मेदवारसहित कार्यकर्ताहरू गम्भीर घाइते भए। मंसिर ८ गते धनकुटा नगरपालिका र शहिदभूमि गाउँपालिकाको सिमानामा पर्ने फाङ्दुवा खोलाछेउ सडकमा राखिएको बाल्टिन बम बिहान करिब ७.३० बजे विष्फोट हुँदा एकजना पैदल यात्री तेज बहादुर पौडेललाई सामान्य चोट लागेको थाहा हुन आयो। साथै, मंसिर २१ गते खाल्सा छिन्ताङ् शहिदभूमि गापाको साविक आँखिसल्ला गाविस थलथले बजारस्थित मतदान केन्द्रदेखि करिब १ घण्टाको दुरीको आसपासको जङ्गलमा करिब ९ देखि १० बजेसम्ममा ७ वटा साना ठूला बम विष्फोटको आवाजले मतदातामा डरत्रास उत्पन्न गराउने प्रयास भयो।

नवलपरासी (सुस्ता पूर्व) जिल्लाको देवचुली-१२, दिव्यज्योती नि.मा.वि. केन्द्र, प्रगतिनगर गौडीमा मतदान केन्द्र रहेकै स्थानमा करिब १०.१० मा जमीनमुनि गाडिएको बम बिष्फोट भएपछि मतदाता भागाभाग भए । करिब एक घण्टापछि मतदान पुनः सुचारु भयो । रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं ७ गार्गीपथ सिद्धार्थ राजमार्गको छेउमा मंसिर १२ गते राती करिब १०.४५ बजे बमको झोला र मंसिर १५ गते राती सिद्धार्थ बस टर्मिनलमा हुक बम अज्ञात व्यक्तिले राखेको सेनाद्वारा निष्क्रिय पारियो। कैलाली धनगढी मावि मतदानस्थलको करीब २०० मीटर पश्चिमतर्फ मतदानको बिहान करिब ८.३० बजे अज्ञात समूहले राखेको बम फेलापरेकोमा सेनाले निष्क्रिय पारेको थियो। मतदानभन्दा पहिलेनै नेकपा माओवादी (बिप्लव समूह) का जिल्ला इन्चार्जसहित १२ जना कार्यकर्ता पक्राउ गर्नुका साथै दुई जनालाई विष्फोटक पदार्थसहित गिरफ्तार गरिएको जानकारीमा आयो। कन्चनपुरमा उम्मेदवार रमेश लेखकको घरमा कुकर बम विष्फोट भयो। यस्ता घटनाहरूमा मंसिर ७ गते बेलुकी ७:१० को समयमा एमालेका सुनसरी क्षेत्र नं १ का प्रतिनिधि सभाका उम्मेदवार जय कुमार राईको घरमा अज्ञात व्यक्तिबाट बम प्रहार भयो। मंसिर १४ गते इटहरीमा भएको बम विष्फोटमा एकजना बालकसहित सर्वसाधारण घाइते भए।

दोस्रो चरणको निर्वाचन नजिकिदै गर्दा पनि सुरक्षा चुनौति बढ्दै गरेको उपरोक्त घटनाहरूबाट स्पष्ट हुन्छ । यो निर्वाचनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, म्यादि प्रहरी र राष्ट्रिय अनुसन्धानका अधिकारीहरूसहित तीन लाखभन्दा बढी सुरक्षाकर्मी परिचालित भएका थिए । निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी सबैले अर्थोपार्जन र सुविधामा ध्यान दिंदा निर्वाचन सुरक्षामा धक्का लागेको भनाई जनमानसमा रहेको छ। स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचनका लागि हिंसात्मक घटना हुनै नदिन मात्र होइन, दोषीलाई पक्राऊ गरी सुरक्षाको स्थितिलाई चुस्त राख्न पनि जरुरी हुन्छ । सुरक्षा स्थिति सुदृढ बनाउन र मतदाता ढुक्क हुने अवस्थाको प्रत्याभूति दिन आवश्यक हुन्छ । तर यी सबैजसो घटनाहरूमा सुरक्षा निकाय भने प्रतिरक्षात्मकझैं देखिए । यसका साथै, दलहरूको भूमिका पनि सुरक्षा स्थितिलाई सुदृढ बनाउन सहयोग गर्नेतर्फ रहेन । जसरी भए पनि निर्वाचन जित्नैपर्ने होडबाजी र कसैलाई चिढ्याउँदा निर्वाचनमा दलनै हार्ने स्थिति हुने आशङ्कामा शीर्ष नेताहरू मौन रहिदिंदा सुरक्षा निकाय पनि कडाईका साथ अगाडि आउन नसकेको भन्ने भनाई रह्यो ।

## ४.२. मतदान

### ४.२.१. मतदान स्थलको चयन र व्यवस्थापन

निर्वाचन आयोगले मतदानस्थलको चयन गर्दा सर्वेक्षण गर्ने गरको भए तापनि यो निर्वाचनमा मतदानस्थल तोक्ने कार्य पुनः सर्वेक्षण नगरी अधिकांश पुरानै स्थानमा तोकिएकोले कतिपय मतदानस्थल साह्रै साँगुरो र अपायक देखियो । यो विषय स्थानीय तहको निर्वाचनमा पनि जियोकले उठाएको हो । साथै, मतदानस्थल यथासम्भव बढीमा ५ किलोमिटरको दूरीमा राख्ने भनिए पनि उच्च पहाड र तराइका केही जिल्लाहरूका कतिपय मतदानस्थल तोकिएको दूरीभन्दा बढी टाढा रहेको देखियो । धेरैजसो मतदानस्थलमा खानेपानी, घाम र पानीबाट ओतको व्यवस्था नभएकोले मतदाता–मैत्री देखिएनन् ।

मतदान केन्द्रहरू संभव भएसम्म अपाङ्ग र महिलामैत्री देखियो । मुस्ताङ्मा मतदान केन्द्र खुल्ला र ठूलो ठाउँमा भएकोले मतदानमा सहजता भएको पाइयो । बागलुङ, धादिङ, आदि जिल्लाहरूका कतिपय केन्द्रमा खानेपानी, शौचालय, वृद्ध, अशक्तका लागि लाममा बस्न नपर्नेगरी मतदानको व्यवस्था गरिएको थियो ।

मन्दिर परिसरमा मतदान केन्द्र रहँदाः सांस्कृतिक कारण महिनावारी भएका महिला मतदाताहरू अलमलमा परेका देखिए । प्रत्यक्ष अवलोकनबाट सुनसरी धरान उपमहानगरपालिकाको वडा नं १२ मा एउटा मतदान केन्द्र गीता मन्दिरमा रहेको र ललितपुरमा पनि एउटा केन्द्र मन्दिर परिसरमै रहेको देखियो । साथै, विद्यालयमा मतदान केन्द्र रहँदा विद्यार्थीहरूको पठनपाठनमा अवरोध भएको र जिल्लाका मुख्य न्यायाधीशलाई मुख्य निर्वाचन अधिकारी तोक्दा न्याय सम्पादनमा व्यवधान आएको गुनासो सुनियो ।




अशक्त (दृष्टिविहीन वा शारीरिक अशक्त भएका) मतदाताका लागि एकाघरको परिवारको सदस्यको सहयोग लिनसकिने कानुनमा भएको व्यवस्थाको ठूलो मात्रामा यो निर्वाचनमा गलत प्रयोग भएको देखियो । धादिङ, दोलखा, गोरखा,जुम्ला, नुवाकोट, कन्चनपुर, रौतहट आदि जिल्लाहरूमा जवान महिला, वृद्ध पुरुषहरूलाई आँखा नदेख्ने भन्दै युवाहरूले आफ्नो स्वविवेकमा मत सङ्केत गरेको, मतपत्र बदर हुने आशंकाले केही मतदाताले अशक्तको कारण देखाइ मतदान गर्न आफन्तलाई लगेको, आफु मतदान गर्न सक्षम हुँदाहुँदै पनि म सक्दिन मेरो मान्छे लान्छु भन्नुस है भन्दै मतदातालाई सिकाएर मतदान गर्न अर्को व्यक्ति लिएर गएका दृष्टान्तहरू पाइए ।

धादिङ्को बागेश्वरी विद्यालयमा रहेको एउटा बुथमा एकै व्यक्तिले ११ जना सम्मको मत खसालेको चर्चा सुनियो। कन्चनपुरमा एकै जना व्यक्तिले ५ जनासम्म ज्येष्ठ नागरिकको तर्फबाट मत दिएको पनि पाइयो। अशक्त तथा वृद्धको मत परिवारका सदस्यले दिनसक्ने व्यवस्था भएपनि रौतहटमा दलका कार्यकर्ताहरू बीच सहमति पश्चात मतदान अधिकृतले मतदान गरेको पाइयो। वास्तवमा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्केत गरिदिनसक्ने व्यवस्था कानूनमै रहेको छ। कानूनमा स्पष्ट भएको यस्तो विषयमा दलका कार्यकर्ताहरूको सहमति चाहिने होइन। तर निर्वाचन कानूनमा भएको यस्तो व्यवस्थाबारे कर्मचारी र दल वा उम्मेदवारका प्रतिनिधि दुबै सरोकारवालाहरूमा जानकारीको अभाव देखियो।

प्रत्येक निर्वाचनमा मतदान केन्द्रमा पर्यवेक्षकहरूको प्रवेशलाई लिएर समस्या हुनेगरेको छ। कुनै कुनै जिल्लाका मतदान केन्द्रमा भएका प्रतिनिधि घटनाहरू यस प्रकार छन्: काठमाण्डौमा पर्यवेक्षको परिचयपत्र भएर पनि प्रवेशमा रोक लगाइयो। भक्तपुरमा पर्यवेक्षकहरूलाई बिहानको समयमा माथिको आदेश छ भनी मतदान केन्द्रमा प्रवेश दिइएन। बाँके क्षेत्र नं ३ नेपाल राष्ट्रिय आधारभूत विद्यालय गुरुवा गाउँ मतदान केन्द्रमा जियोक र नियोकका पर्यवेक्षकहरूलाई केन्द्रभित्र पस्न दिइएन। यो जानकारी मुख्य निर्वाचन अधिकारीलाई दिई उहाँले मतदान अधिकृतसँग समन्वय गरी सहज गर्ने भनिएपछि पनि पर्यवेक्षकलाई प्रवेशको अनुमति दिइएन। चितवन भरतपुर नगरपालिका वडा नं २३ स्थित कदम आधारभूत विद्यालय खडकौली मतदान केन्द्र र वडा नं २७ स्थित जानकी उच्च मावि मेघौली मतदान केन्द्रमा पनि पर्यवेक्षकलाई प्रवेश दिइएन।

### ४.२.२. मतदाताको सहभागिता

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको केन्द्रीय र प्रादेशिक विधायिका अथवा प्रतिनिधि सभा र प्रादेशिक सभाको मंसिर १० र २१ दुई चरणमा भएको निर्वाचन बम आक्रमण, हिंसाका घटना तथा मध्य पहाडी क्षेत्रका अधिकांश जिल्लाहरूमा तापक्रम अत्यन्त कम भए तापनि मतदाताको सहभागिता उत्साहजनक रह्यो। वृद्ध, वृद्धा, अपाङ्ग, सुत्केरी, महिला लगायत आशौचमा रहेकाले समेत मतदानमा भाग लिए। यो निर्वाचनमा मतदाताको जम्मा संख्या १,५४,२७,९३४ रहेकोमा १,०५,८१,६१३ अथवा ६८.५९ प्रतिशतले मतदान गरे। यो प्रतिशत स्थानीय तहको निर्वाचनमा भन्दा केही कम हो। यो निर्वाचनमा मतदाताको सहभागिता कम हुनुका पछाडि केही समय पहिले मात्र स्थानीय तहको निर्वाचनका लागि ठूलो संख्यामा विदेशबाट आएका मतदाताहरू आ–आफ्ना कार्यस्थलमा फर्कनु मुख्य रुपमा रहेको अनुमान गर्न सकिन्छ। साथै, स्थानीय तहमा उम्मेदवारहरू गाउँ घरकै दैनन्दिनी र विकाससँग प्रत्यक्ष रुपमा सम्बन्धित हुने भएकाले स्थानीय तहको तुलनामा यो निर्वाचनमा जनताको सहभागिता कम भएको हुनसक्छ।

### ४.२.३. मतदान

जियोक पर्यवेक्षकहरूका प्रतिवेदन अनुसार केही स्थानमा प्रक्रियागत अनिश्चितता र उम्मेदवारका प्रतिनिधिहरू समयमा उपस्थिति नभएका कारण केही मतदान केन्द्रमा मतदान ढिलो सुरु भएपनि बिहानको ७.१५ सम्ममा ७७ प्रतिशत मतदान केन्द्रहरूमा मतदान सुरु भएको थियो भने ८.०० बजे भित्र ९८ प्रतिशत मतदान केन्द्रहरूमा मतदान सुरु भएको देखियो। पर्यवेक्षण गरिएका मतदान केन्द्रहरूमा मतदानका सबै प्रक्रियाहरू– मतदानको सुरु, मतदान, र मतदानको अन्त्य – केही स्थानमा हिंसाका छिटपुट घटनाहरूबाहेक समग्रमा मतदान शान्तिपूर्वक सम्पन्न भयो। दुबै चरणका निर्वाचनमा शान्तिपूर्वक मतदानका लागि ठूलो संख्यामा सुरक्षाकर्मीहरूको उपस्थिति रहेको थियो भने मुख्य मुख्य नगर क्षेत्र, राजमार्ग र केही संवेदनशील मतदान केन्द्रहरूको वरिपरि नेपाली सेनाको टुकडीले गस्ती गरेको थियो।

मतदानमा वृद्धवृद्धा, बिरामी, गर्भवति, सुत्केरी, शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता स्वस्फूर्त भएपनि मतदान केन्द्रसम्म आउन र घर फर्कन ज्यादै कठीन भएको पाइयो। ह्वील चेयरमा लामो बाटो तय गर्नुपर्ने, उदाहरणका लागि पाल्पा र डोटी जिल्लामा ७४ र ७५ वर्षका दुई मतदाता लामो बाटो पैदल यात्रागर्नु परेका कारण बाटैमा हुनगएको मृत्यु जस्ता घटना पनि घटे। मतदानका दिन सार्वजनिक यातायात बन्द हुनाले एकातिर कतिपय मतदाता मतदान केन्द्रसम्म पैदल आउन र घर फर्कन बाध्य भए भने अर्कोतिर दलहरूले पासवाला र अन्य सवारी साधनबाट मतदाता ओसारेको जानकारीमा आयो।

मतदान केन्द्र ज्येष्ठ नागरिक लगायत विशेष आवश्यकता भएका मतदाताहरूका लागि पायकपर्ने र मतदाताका सुविधाका लागि मतदान केन्द्रमा आवश्यक सङ्केतहरू राखिएका थिए भनी सोधिएको प्रश्नमा ९३ प्रतिशत मतदाताले थिए भने। मतदाताको सुविधाका लागि महिला र पुरुषको छुट्टाछुट्टै लामको व्यवस्था सबै केन्द्रमा गरिएको थियो भने दृष्टिविहीन, शारीरिक रुपमा अशक्तलाई मतदानमा प्राथमिकता दिइयो। मतदानका प्रक्रिया उदाहरणका लागि मतदान सुरु गर्नअघि रित्तो मतपेटिका देखाउनु, मतपत्रको संख्या जानकारी गराउनु, मतपत्र दिनासाथ औंलामा मसी लगाउनु आदि विषयमा एक दुई अपवादबाहेक सबै ठाउँमा प्रक्रिया पुऱ्याइएको पाइयो। निर्वाचन सामग्रीहरू पर्यवेक्षण गरिएका ९९ प्रतिशत मतदान केन्द्रहरूमा पर्याप्त थिए। एउटा केन्द्रमा समानुपातिक तर्फको ११ वटा मतपत्र च्यातिएको र १० वटा मतपत्रहरूको क्रम संख्या छुटेको पाइयो।



केही स्थानमा मतदाता नामावली दुरुस्त नभएको कारणले नागरिकको मत दिने अधिकार भने कुण्ठित भएको पाइयो। परिचयपत्र भएकी धादिङ्की सीता सुनार, सप्तरी जिल्लाको राजविराज नगर पालिका–२ की निमा झा, नुवाकोट क्षेत्र नं २ लिखु गाउँपालिका रतन्देउ प्रा.वि.मतदान केन्द्रका एकजना मतदाता मतदाता नामावलीमा नाम नभएका कारण मतदान गर्नबाट वंञ्चित भए। साथै, मतदाता नामावलीमा नाम भएर पनि बीचको नाम नमिलेको र फोटो नमिलेको कारणबाट कतिले मतदान गर्न नपाएको पर्यवेक्षणबाट देखियो। त्यसैगरी, निर्वाचनमा संलग्न कतिपय कर्मचारीहरूमा परिचय खुल्ने अन्य प्रमाणको आधारमा मतदान गर्नसकिने आयोगले गरेको व्यवस्थाबारे जानकारी नभएको कारणबाट पनि कतिपय मतदाता मतदान गर्नबाट वंञ्चित भए। जियोकले पर्यवेक्षण गरेका ३० जिल्लाहरूमध्ये १८ जिल्लामा मतदाता नामावलीमा नाम भएर पनि मतदान गर्न नपाएका मतदाताहरूको संख्या ३० रहेको देखियो। यसरी मतदान गर्न नपाएका मतदाताहरूमा सबैभन्दा बढी प्रदेश नं ३ मा १३ र प्रदेश नं ४ मा ७ देखिए।

सप्तरीको महदेवा गाउँपालिका वार्ड नं २ श्री आधारभूत विद्यालय महदेवा मतदान केन्द्रमा ९६० मतदाता रहेकोमा डा. सि. के. राउतको आह्वानमा निर्वाचन वहिस्कार भएको, मतदाता नआएपछि साँझ ५ बजे जियोकका जिल्ला र राष्ट्रिय पर्यवेक्षकको रोहबरमा मतपेटिका सिलबन्दी गरिएको मुचुल्का गरियो।

मतदान प्रक्रियामा देखिएका अन्य कमजोरीहरूमा एक जना व्यक्तिले एकभन्दा बढी पटक मतदान भएका मतदान केन्द्रको संख्या १८, कुनै एक मतदान केन्द्र केही समयका लागि एक दलको नियन्त्रणमा रहेको संख्या ८ र प्रोक्सी मतदान भएको केन्द्रहरूको संख्या ३६ रह्यो। यसरी प्रोक्सी मतदान भएका मतदान केन्द्रहरूमा सबभन्दा बढी काठमाण्डौमा ६ र मोरङ्मा ५ केन्द्र भएको जानकारीमा आयो। मतदानकै क्रममा हिंसात्मक घटना भएका मतदान केन्द्रको संख्या १५ रहेको थियो भने सबैभन्दा बढी यस्ता घटना सिन्धुपाल्चोकमा ४, बागलुङ्मा २ र उदयपुर, सप्तरी, दोलखा, भक्तपुर, नुवाकोट, धादिङ, स्याङ्जा, जुम्ला र कैलालीमा एक एक भएको जानकारीमा आयो। मतदान केन्द्रमा भएका यस्ता घटना स्वच्छ र स्वतन्त्र मतदान अनुकूल नभएको जानकारी मतदानमा संलग्न कर्मचारीहरूमा हुने भएपनि सुरक्षा प्रत्याभूतिको अभावमा कर्मचारीहरू लाचार भएको अनुमान गर्न सकिन्छ।

## ४.२.४. राजनीतिक हिंसा

यो निर्वाचनमा सुरक्षासम्बन्धी हिंसाका घटनाहरूमा निर्वाचन वहिस्कार गर्ने समूहबाट भएका बम विष्फोटनका अतिरिक्त राजनीतिक दलका कार्यकर्ताहरू बीच भएका झडपहरू पनि भए। यस्ता झडपहरूमा विशेषगरी प्रमुख राजनीतिक दलका कार्यकर्ताहरू संलग्न रहेका देखिए।

स्ता घटनाहरू पहिलो चरणको निर्वाचनमा मध्य पहाडी जिल्लाहरू धादिङ्, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट, बागलुङ् आदिमा तुलनात्मक रुपमा बढी देखिए। निर्वाचन प्रचार–प्रसारको क्रममा दलका कार्यकर्ताहरू बीच हिंसात्मक झगडा बिगतमाभन्दा अहिले कम भएपनि यो पूरै हट्न भने सकेको छैन। यो निर्वाचनमा मतदानको दिनमा भएका हिंसामा घटनाहरूमा अन्तर–दल झडप प्रमुख रुपमा देखिए। पहिलो चरणको निर्वाचनताका र निर्वाचनका दिन दलहरू बीच विवादका केही घटना घटे। धादिङ्–१४ धुँवाकोटमा मंसिर ८ गते दोहोरो भिडन्तमा नेपाली काँग्रेसका कार्यकर्ता (सन्तोष वस्ताकोटी) घाइते भई हेलिकप्टरबाट काठमाण्डौ लगिएको, धादिङ्कै खनियाँवास गाउँपालिका अन्तर्गत झार्लाङ्को बन्दिदेवी मतदान केन्द्रमा लोकतान्त्रिक कार्यकर्ताले बाम गठबन्धनका प्रतिनिधिलाई मतदान केन्द्रमा जान रोकेपछि मतदान करिब ११ बजेमात्र सुरु भएको थियो।

त्यसैगरी, सिन्धुपाल्चोक भोटेकोशी गाँउपालिकाको दुगुना र गाति, सुनकोशी गापाको थुम्पाखर, पाँचपोखरी थाङ्पालधाप गापाको लागार्चे लगायतका स्थानहरूमा झडप र मतदान अघि र मतदानको दिन बाम र लोकतान्त्रिक समूहबीच ठाउँठाउँमा विवाद र झडप भएको जानकारीमा आयो। दलीय विवादकै कारण मतदानको दिन झडप हुँदा सुनकोशी गापा–६ को देउराली प्रावि, बलेफी गापा–८ को कालिदेवी माविमा स्थिति नियन्त्रणमा लिन प्रहरीले एक एक राउण्ड हवाई फायर गरे। विवाद र झडप नियन्त्रणमा आएपछि मतदान प्रक्रिया पुनः सुचारु भयो। त्यसैगरी पाँचपोखरी थाङ्मालधाप गापाको लागार्चेमा दुई समूहबीच झडप भई मतदानस्थलमा तयार गरिएका मतदाता लामलाग्ने बार भत्किएको र झडप साम्य भएपछि १०.०० देखि मतदान सुरु भयो। बागलुङ्मा नेपाली कांग्रेसका कार्यकर्ताहरूबाट एमालेका कार्यकर्तामाथि ढुङ्गा हमला भयो भने अमलाचौरमा बाम गठबन्धनद्वारा नेपाली कांग्रेसका कार्यकर्ता (विमल नेपाली र श्याम नेपाली) घाइते भए। नुवाकोट किस्पाङ् गाउपालिकाको फिकुरीमा नेपाली कांग्रेसका कार्यकर्ताले बाम गठबन्धनका ३ जना कार्यकर्तालाई लाठी प्रहार गरी घाइते बनाए।

राजनीतिक दलहरूले आ–आफ्नो प्रभाव भएको ठाउँमा विपक्षीको एजेन्टलाई धम्काई आफ्नो पक्षमा फर्जि मत खसाउने प्रवृत्ति आमरुपमा देखियो। दुर्गम क्षेत्र उदाहरणका लागि रुवी भ्याली गाउँपालिकामा करीब ८८ प्रतिशत मतदान हुनु र सुगम क्षेत्रमा ५५ प्रतिशत मतदान हुनुको कारण प्रोक्सी मतको प्रयोग भएको स्पष्ट हुन्छ। दोलखाको गौरीशङ्करको सुरी र जुगु मतदान केन्द्रमा दिनको ३:०० बजेतिर बाम गठबन्धन र नेपाली काँग्रेस समर्थक बीच झडप हुँदा प्रहरीद्वारा चार राउण्ड हवाई फाएर भएपछि नेकाका समर्थक मतदान केन्द्र छाडि हिडेपछि मतदान सुचारु। त्यसैगरी वैत्यश्वरीको मार्गु मतदान केन्द्रमा बामपन्थी गठबन्धनले समानुपातिक तर्फको १०० वटा जति मतपत्रमा छाप लगाई मत खसाल्नलागेको अवस्थामा नेका समर्थकले थाहापाई झडप भई उक्त मतपत्र च्यातिएकोमा कब्जामा लिई मुचुल्का उठाए पश्चात मतदान सुचारु। विगत निर्वाचनमा जस्तो परिमाणमा यो जिल्लामा गुण्डागर्दी, झडप र बुथ क्याप्चरजस्ता घटना यस वर्ष भएन। गौरीशंकर गापा वडा नं ५ गाविस भवन मतदान केन्द्रमा जम्मा २,४८९ मध्ये २,०९३ मत एकलौटी रुपमा अन्य दलका कार्यकर्ताहरूलाई लखेट्दै बाम गठबन्धनकातर्फबाट मत खसालिएको थियो। त्यसैगरी गौरीशङ्कर १, ६ र ७ मा समेत बाम गठबन्धनका तर्फबाट एकलौटी मत खसाल्ने प्रयास हुँदा विपक्षीहरूको तर्फबाट ढुंगामुढा गरेकोमा सुरक्षाकर्मीले ४ राउण्ड फायर गरी सेनाको सहयोगमा प्रयास असफल बनाएको थियो। त्यसैगरी तामाकोशी गापा वडा नं ३ को जफे बुथमा पनि नेकाका कार्यकर्ताबाट एकलौटी रुपमा मतदान गर्ने प्रयास गर्दा सुरक्षाकर्मीको दरिलो उपस्थितिको कारण सामान्य झडप पश्चात स्वतन्त्र रुपले मतदान भयो।

दोस्रो चरणको निर्वाचनको मतदानका दिन पहिलोको तुलनामा यस्ता झडपहरू कम भए। रौतहट मौलापुर नगरपालिकाको मौलापुर भन्ने ठाउँमा राजपा र माओवादी कार्यकर्ता बीचको झडपमा तीन चार जना कार्यकर्ता सामान्य घाइते भएको र प्रहरी प्रशासनको हस्तक्षेपबाट झडप नियन्त्रणमा लिइएको थियो। त्यसपछि मतदानले निरन्तरता पाएको जानकारीमा आयो। भक्तपुर सूर्यविनायक नगरपालिकाको बालकोटमा एमाले र कांग्रेसका समर्थकहरू बीच कुटपिट र ढुङ्गामुढा हुँदा केही घरहरूमा क्षति पुग्न गयो।

## ४.३. मतगणना र निर्वाचन परिणाम

जियोक पर्यवेक्षकहरूबाट प्राप्त विवरणहरूबाट मतगणनासम्बन्धी नियम, निर्देशिका र कार्यविधि अनुसार मतगणना शुरु गर्दा मुचुल्का गराउने, सिल दुरुस्त छ, छैन जाँच गर्ने आदि सबै प्रकृया पूरा गरेको पाइयो भने मतगणनास्थल फराकिलो र सुरक्षाको प्रबन्ध सन्तोषजनक थियो। साथै, मतगणना प्रक्रिया पारदर्शी रह्यो।

दोस्रो चरणको निर्वाचनपछि अधिकांश मतदान केन्दहरूबाट मतपेटिकाहरू सोही रातमा जिल्ला सदरमुकाममा आइसकेको भए तापनि धेरै स्थानमा दुबै चरणका निर्वाचनको मतगणना भोलिपल्ट मात्र शुरु भयो। पहिले प्रत्यक्ष र त्यसपछि समानुपातिकको मतगणना शुरु भयो। मतगणनाको काम स्थानीय तहको तुलनामा कम समयभित्र सम्पन्न भयो। तथापि, निर्देशिकामा बदर मतबारे भएको व्यवस्थाको सरोकारवाला सबैमा राम्रो जानकारीको अभावमा केही स्थानमा उम्मेदवारका प्रतिनिधिहरू बीच बदर मतबारे असहमति, मतपत्रको जटिल डिजाइन र मत सङ्केत गर्ने कोठा स्यानो भएकोले उत्पन्न विवादका कारण मतगणना रोकिएको थियो। तर सर्वदलीय सहमतिमा समस्याको समाधान गर्दै मतगणनाको कार्य अगाडि बढाइएको पाइयो। विगतको अनुभवबाट मतगणना गर्ने टोलीहरू बढी संख्यामा राखिएकोले मतगणना छिटो सकिनुका साथै मतगणना र उम्मेदवारका प्रतिनिधि बस्ने स्थान बीच छेकबार राखिएकोले मतपत्रको सुरक्षामा समस्या आएन।

यो निर्वाचनमा स्याङ्जा जिल्लाको मतगणना ४ दिन ढीलागरी भएको दृष्टान्तका पछाडि एकलौटी मतदानको आरोप प्रत्यारोप रोचक छ। बाम गठबन्धनले स्याङ्जा निर्वाचन क्षेत्र २ को चापाकोट नगरपालिकाका केही मतदान केन्द्रमा नेपाली कांग्रेसका कार्यकर्ताहरूले बुथ कब्जा गरी मतदान गराएको आरोपमा मतगणना रोकिएकोमा नेपाली कांग्रेसले पनि बाम गठबन्धनद्वारा कालीगण्डकी गाउँपालिकाका कतिपय मतदान केन्द्रहरूमा बुथ कब्जा गरिएको आरोप लगाइ त्यस स्थानमा पुन मतदान गराउनुपर्ने अडान लिई उजुरी दर्ता गराएको भन्ने जानकारीमा आयो। बुथ कब्जा भनिएका स्थानहरूबाट मतदान सम्पन्न भएको रितपूर्वक मुचुल्का भै आएको हुँदा मतगणना कार्य अगाडि बढाउनु भन्ने आयोगबाट निर्देशन प्राप्त भएपछि रोकिएको मतगणना ४ दिनपछि पुनः चालू भएको थियो।



निर्वाचन परिणाम अनुसार कूल बदर मतको आधिकारिक संख्या उपलब्ध छैन। यसो हनुमा बदर मतको प्रतिशत विगतमा संविधानसभाको २०६४ को ५.१५ प्रतिशत भन्दा बढी हुनसक्ने अनुमान छ। समानुपातिकमा यो भन्दा धेरै बढी हुनसक्ने आशंका छ। प्रदेशसभा निर्वाचनको समानुपातिक तर्फ अझ बढी बदर मत रहेको हुनु पर्दछ। जियोकले गरेको पर्यवेक्षणबाट प्राप्त जानकारी अनुसार मतपत्र बदरका तीन मुख्य कारणमध्ये कोठा बाहिर मत सङ्केत ८६ प्रतिशत, कोठाको बीचमा ८२ प्रतिशत र स्वस्तिक बाहेक अन्य सङ्केत ६४ प्रतिशत रहेको देखियो। यसले मतदाता शिक्षा प्रभावकारी नभउको सङ्केत गर्दछ।

प्रतिनिधि सभा र प्रदेश सभाको मतगणना सम्पन्न भई परिणाम आइसकेको भए तापनि संवैधानिक प्रावधान अनुसार राष्ट्रिय सभामा महिला प्रतिनिधिहरूको संख्या निर्धारण भएपछि मात्र प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने महिलाको संख्या निर्धारण गर्नसकिने निर्वाचन आयोगको भनाइको कारण औपचारिक रुपमा मतगणना परिणाम आउन ढिलाई हुन गयो। राष्ट्रिय सभामा महिला प्रतिनिधित्वको संख्या निर्धारण भएपछि प्रतिनिधि सभाको परिणाम २०७४ फागुन २ गते औपचारिक रुपमा सार्वजनिक भएको हो। यस अनुसार प्रतिनिधि सभाको प्रत्यक्ष र समानुपातिकतर्फको कूल संख्या १६५ र ११० गरी जम्मा २७५ को दलगत स्थिति तालिका २ मा प्रस्तुत गरिएको छ। यस अनुसार दलहरूको स्थिति देहाय बमोजिम रहेको छ – नेकपा एमाले १२१, माओवादी केन्द्र ५३, नेपाली कांग्रेस ६३, राष्ट्रिय जनता पार्टी १७, सङ्घीय समाजवादी फोरम १६, र अन्य साना दल र स्वतन्त्र गरी ५ सदस्य रहेका छन्।

तालिका २: प्रतिनिधि सभा सदस्य, दलगत स्थिति

| क्र.सं. | राजनीतिक दलको नाम | प्रतिनिधिसभा | | | |
|---|---|---|---|---|---|
| | | पहिलो हुन निर्वाचित हुने | समानुपातिक | जम्मा | प्रतिशत |
| १ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ८० | ४१ | १२१ | ४४ |
| २ | नेपाली काँग्रेस | २३ | ४० | ६३ | २३ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३६ | १७ | ५३ | १९ |
| ४ | सङ्घीय समाजवादी फोरम नेपाल | १० | ६ | १६ | ६ |
| ५ | राष्ट्रिय जनता पार्टी नेपाल | ११ | ६ | १७ | ६ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | ० | १ | ० |
| ७ | स्वतन्त्र | १ | ० | १ | ० |
| ८ | राष्ट्रिय जनमोर्चा | १ | ० | १ | ० |
| ९ | नयाँ शक्ति पार्टी नेपाल | १ | ० | १ | ० |
| १० | नेपाल मजदुर किसान पार्टी | १ | ० | १ | ० |
| | जम्मा | १६५ | ११० | २७५ | |

प्रदेशमा भने सङ्घीय संसदमा जस्तो दुई सदन नभई एउटै मात्र सदन हुने भएकोले समानुपातिक सदस्यहरूको संख्यासमेत निर्धारण भई निर्वाचन परिणाम पहिले नै सार्वजनिक भइसकेको हो। प्रदेश सभाको ५५० मध्ये दलहरूको स्थिति यस प्रकार रहेको छ – नेकपा एमाले २४३, माओवादी केन्द्र १०८, नेपाली कांग्रेस ११३, सङ्घीय समाजवादी फोरम ३७, राष्ट्रिय जनता पार्टी २८ र अन्य साना दल र स्वतन्त्र गरी २१ सदस्य रहेका छन्।

तालिका ३ : प्रदेश सभा सदस्य, दलगत स्थिति

| क्र.सं. | राजनीतिक दलको नाम | प्रदेशसभा | | | |
|---|---|---|---|---|---|
| | | पहिलो हुन निर्वाचित हुने | समानुपातिक | जम्मा | प्रतिशत |
| १ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १६८ | ७५ | २४३ | ४४ |
| २ | नेपाली काँग्रेस | ४१ | ७२ | ११३ | २१ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७३ | ३५ | १०८ | २० |
| ४ | सङ्घीय समाजवादी फोरम नेपाल | २४ | १३ | ३७ | ७ |
| ५ | राष्ट्रिय जनता पार्टी नेपाल | १६ | १२ | २८ | ५ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ३ | ३ | १ |
| ७ | स्वतन्त्र | ३ | ० | ३ | १ |
| ८ | राष्ट्रिय जनमोर्चा | २ | २ | ४ | १ |
| ९ | नयाँ शक्ति पार्टी नेपाल | २ | १ | ३ | १ |
| १० | नेपाल मजदुर किसान पार्टी | १ | १ | २ | ० |
| ११ | विवेकशील साझा पार्टी | ० | ३ | ३ | १ |
| १२ | नेपाल सङ्घीय समाजवादी पार्टी | ० | १ | १ | ० |
| १३ | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ० | १ | १ | ० |
| १४ | राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक | ० | १ | १ | ० |
| | जम्मा | ३३० | २२० | ५५० | |

प्रतिनिधिसभा र प्रदेशसभामा मुख्य तीन दलहरुले प्राप्त गरेको जम्मा संख्याको तुलनामा लोकप्रिय मतको संख्या र प्रतिशत भने फरक देखिएको छ। संसदमा पहिलो बनेको एमालेको प्रत्यक्षतर्फको मत ३०.६८ प्रतिशत रहेकोमा नेपाली काङ्ग्रेसको ३५.७५ प्रतिशत रहेको छ। माओवादीको १५.० प्रतिशत रहेको छ।

समानुपातिकतर्फ एमालेको प्रतिशत नेपाली काङ्ग्रेसकोभन्दा ०.४७ प्रतिशत मात्र बढी छ। माओवादीले भने १३.६६ प्रतिशत मत पाएको छ।

यो निर्वाचनको रोचक पक्ष मधेशका मुद्दा प्राथमिकतामा राखेर राजनीति गरिरहेका सङ्घीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टि पहाडी जिल्लामा कम भए पनि मत ल्याउन सफल भएको छ। फोरमले ७७ वटै जिल्लाबाट मत पाएको छ भने राजपाले मनाङमा बाहेक ७६ जिल्लाबाट मत पाएको छ।

## ४.४. राष्ट्रिय सभा निर्वाचन

राष्ट्रिय सभा सङ्घीय संसदको माथिल्लो सदनको रुपमा गठन हुने संवैधानिक प्रावधान अनुसार यसमा जम्मा ५९ जना सदस्य रहने व्यवस्था गरिएको छ। यसको गठनमा प्रत्येक प्रदेशबाट ३ जना महिला, १ जना दलित, १ जना अपाङ्ग वा अल्पसंख्यक र ३ जना खुला प्रतिस्पर्धा जम्मा चार समूहबाट ८ जना गरी जम्मा ५६ जना सदस्य निर्वाचित हुने व्यवस्था रहेको छ। बाँकी ३ जना नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिबाट कम्तीमा १ जना महिला सहित ३ जना मनोनयन हुने व्यवस्था संविधानमा गरिएको छ। निर्वाचनका लागि मतदाता प्रदेशभित्रका स्थानीय तहका सबै अध्यक्ष। उपाध्यक्ष, प्रमुख। उप प्रमुख र प्रदेश सभा सदस्य हुने व्यवस्था छ। उनीहरूको मतभारका हकमा स्थानीय तहका एकजनाको मतभार १८ र प्रदेश सभा सदस्यको मतभार ४८ तोकिएको छ। आ–आफ्नो समूहमा सबै भन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुनेछन्।

निर्वाचन आयोगले सबै प्रदेशमा मतदाता नामावली माघ ४ गते प्रकाशित गरेको थियो। प्रदेशमा सबै कार्यक्रम आयोगले निर्धारण गरे बमोजिम सम्पन्न भयो। उम्मेदवारको मनोनयन सम्बन्धित दलहरूको केन्द्रीय तहबाटै भएकोले सम्बन्धित समूहको योग्यता, ज्येष्ठता तथा दलमा पुऱ्याएको योगदानकै आधारमा मनोनयन भएको मतदाताको भनाई रहेको पाइयो। तर कसै कसैले केन्द्रमा रहेको गुटको आधारमा मनोनयन गरिएको भनाई पनि सुनियो। जियोक पर्यवेक्षणबाट निर्वाचित सदस्यले राष्ट्रिय स्तरमा खेल्ने भूमिकाका बारेमा मतदाता आशावादी नै देखिए।

मतदाताहरूलाई मतदानको दिन अगावै नमूना मतपत्रमा मतदान गर्ने तरिकाबारे समूहगत रुपमा सिकाउने व्यवस्था मिलाइएको थियो। मतदानस्थलमा स्थानीय र प्रदेश तहका मतदाताहरूलाई छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको थियो। मतदाताहरू आफै निर्वाचित प्रतिनिधिहरू भएकाले मतदानमा कुनै समस्या आएन। मतदानस्थलमा शान्ति सुरक्षाको व्यवस्था राम्रो थियो। मतदाताहरू दलका प्रतिबध्द नेता तथा कार्यकर्ता भएकाले आचार संहिताको उलङ्घन गर्नुपर्ने आवश्यकता परेको देखिएन।

मतगणना गर्ने र परिणाम घोषणा गर्ने कार्य दलहरूको प्रतिनिधिहरूको रोहबरमा गरिएकोले पारदर्शी थियो।

निश्चित र प्रतिबध्द मतदाता भएकाले मतदाता नामावली प्रकाशन र मतदान गर्ने बीचको समयावधि लामो हुनाका साथै राष्ट्रिय सभाको निर्वाचनमा मौन अवधि अर्थपूर्ण र आवश्यक देखिएन। राष्ट्रिय सभा सदस्यहरूको दलगत प्रतिनिधित्वको विवरण तालिका ४ मा दिइएको छ।

तालिका ४ : राष्ट्रिय सभा सदस्य दलगत प्रतिनिधित्व

| दलहरू | राष्ट्रिय सभा सदस्य | राष्ट्रिय सभा महिला प्रतिनिधित्व |
|---|---|---|
| नेकपा एमाले | २७ | ११ |
| माओवादी केन्द्र | १३ | ६ |
| नेपाली कांग्रेस | १२ | ३ |
| सङ्घीय समाजवादी फोरम  नेपाल | २ | ० |
| राष्ट्रिय जनता पार्टी नेपाल | २ | १ |
| मन्त्रीपरिषदबाट मनोनित | ३ | १ |
| कूल सदस्य संख्या | ५९ | २२ |

## ४.५. महिलाको सहभागिता

निर्वाचन प्रचार–प्रसार र मतदानमा महिलाको सहभागिता उल्लेख्य रह्यो। व्यावहारिक कारणले दुर्गम क्षेत्रमा अवस्थित मतदान केन्द्रमा महिला कर्मचारीहरूको उपस्थिति नगन्य रहेपनि निर्वाचन सञ्चालनको काममा पनि राम्रै सहभागिता रह्यो। महिला प्रहरीहरूले पनि ठूलो योगदान पुऱ्याए। कतिपय जिल्लामा पुरुष भन्दा बढी महिला मतदाताको सहभागिता रहेको जानकारीमा आएको छ। यस्तो स्थिति वास्तवमा धेरै संख्यामा पुरुषहरू रोजगारीका लागि विदेशिने भएकोले आएको अनुमान गर्न सकिन्छ।

तालिका ५ : महिला सहभागीता

महिलाको प्रतिनिधित्व

| प्रदेश सभा | | प्रतिनिधिसभा | | |
|---|---|---|---|---|
| पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | राष्ट्रियसभा |
| १७ | १७२ | ६ | ८४ | २१ |

निर्वाचनमा महिलाको सहभागिता ठूलो रहे तापनि अधिकारको हिस्सामा भने उनीहरूको प्रतिनिधित्व न्यून रहेको छ। नेपालको संविधान अनुसार ३३ प्रतिशत प्रतिनिधित्वको व्यवस्था भएकोमा प्रत्यक्षतर्फ प्रतिनिधि सभाको कूल १६५ सदस्यमध्ये महिलाको प्रतिनिधित्व ६ मा सीमित रहेको छ। त्यसैगरी, प्रदेश सभाको कूल ३३० सदस्यमध्ये महिलाको प्रतिनिधित्व १७ मात्र रहेको छ। यसो हुनाका कारण प्रत्यक्षतर्फ अनिवार्य रुपमा उम्मेदवारको संख्या नतोकिनु देखिएको छ।

परिच्छेद
# ५ निष्कर्ष र सुझाव

## निष्कर्ष

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको पूर्वसन्ध्या र मतदानका दिन निर्वाचन बिथोल्न गरिएका हिंसाका घटनाहरूबाट केही उम्मेदवार र कार्यकर्ताहरू हताहत भए तापनि नागरिकको राजनीतिक चेतना र अठोटबाट निर्वाचन सहजताका साथ सम्पन्न भयो। विभिन्न चुनौतिहरू पार गर्दै निर्वाचन आयोगले निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ। यसका लागि नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज, आम संचार माध्यम र पर्यवेक्षण समूह सबैको सहयोग निर्वाचन आयोगलाई रह्यो।

२०७२ असोज ३ गते जारी नेपालको संविधानको एउटा मुख्य विशेषता हो शासन व्यवस्थाको पुनर्संरचना। संविधानको कार्यान्वयनको क्रममा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन २०७४ मंसिर १० र मंसिर २१ मा दुई चरणमा सम्पन्न भएपश्चात देशमा अब सङ्घ, प्रदेश र स्थानीय तीन तहको शासकीय व्यवस्थाको संरचना तयार भएको छ। यसअघि नै २०७४ वैशाख ३१ देखि असोज २ सम्म तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भईसकेको छ। यो निर्वाचनबाट संविधान कार्यान्वयनको एउटा महत्वपूर्ण चक्र पूरा हुनुका साथै मुलुकमा दुई दशक लामो संक्रमणकालको अन्त्य हुने जनताको विश्वास रहेको छ।

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको यो निर्वाचनको लागि आयोगले मतदाता नामावली अद्यावधिक गरेबाट करिब चौध लाख नयाँ मतदाता समावेश भए तापनि कतिपय मतदाता नामावली दर्ताका लागि प्रभावकारी सूचनाको अभाव, उपलब्ध समयावधि अपर्याप्त र दर्ता प्रक्रिया झंझटिलो भएकोले छुटेका भन्ने जानकारीमा आयो। अन्य समस्याहरूमा परिचयपत्र भएकाको नाम मतदाता नामावलीमा नपाइनु, व्यक्ति सही भए पनि मतदाता नामावलीमा बीचको नाम नमिलेको, फोटो नमिलेको आदि समस्या देखिए। केही समय यता परिचयपत्रका कारण फर्जी मतमा कमी आएको भए तापनि परिचयपत्र मतदाताको हातमा पुऱ्याउने समस्यालाई दृष्टिगत गरी परिचयपत्रको अभावमा मतदान गर्न आयोगको गरेको वैकल्पिक व्यवस्थाबारे मतदाता र निर्वाचनमा संलग्न कर्मचारीहरूमा स्पष्ट जानकारीको अभाव पनि रह्यो।

सबैजसो दलले एक तिहाइ महिला उम्मेदवारीको प्रावधानका विपरित यो निर्वाचनमा ज्यादै कम महिला उम्मेदवारी दिए। दलहरूले उम्मेदवार छनौटमा विजय हासिल गर्नु नै आफ्नो एकमात्र उद्देश्य राखी गैरराजनीतिक चरित्र र विवादित व्यक्तिहरूलाई प्राथमिकतामा पारेको पाइयो। कतिपय जिल्लाहरूमा महिलाको उम्मेदवारी शून्य रह्यो। स्थानीय तहको निर्वाचनमा भने संविधानमै महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरिएकोले यो तहमा अहिले करिब १५,००० महिलाको उपस्थिति रहेको छ। यसबाट भविष्यमा सक्षम उम्मेदवारको विकासमा सहयोग पुग्ने विश्वास गर्न सकिन्छ।

निर्वाचन स्वच्छ र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवाला नेपाल सरकार र सरकारका कर्मचारी, स्थानीय तह र यसका कर्मचारी, राजनीतिक दल र उम्मेदवार, आदिले पालना गर्नुपर्ने आचार संहिता लगायत उम्मेदवारले गर्नपाउने खर्चको सीमाबारे कतिपय जिल्लामा संयमता अपनाइएको भए तापनि धेरैजसो जिल्लाहरूमा ब्यापक रुपमा उलङ्घन भएको पर्यवेक्षणबाट जानकारी हुन आएको छ। मौन अवधि शुरु भएपछि मतदातालाई पैसा बाँड्न लागेकोमा पक्राउ परेको समेत जानकारी हुन आयो। उलङ्घनका घटनाहरूमा निर्वाचन कार्यालयबाट स्पष्टिकरण सोध्ने काम भयो तर उम्मेदवारहरूले भविष्यमा यस्तो काम नदोहोरिने बाचा र निर्वाचन कार्यालयबाट यस्तो नगर्ने आग्रहमा कारवाही सीमित रह्यो। निर्वाचन आचार संहिता पालनामा उम्मेदवार र दल उदासिन मात्र होइन अनुत्तरदायी देखिए नेपाल सरकार, स्थानीय तह, आदिका कर्मचारीहरूबाट पनि आचार संहिताको व्यापक उलङ्घन भएको जानकारी हुन आयो। निर्वाचन प्रचार–प्रसारका लागि उपलब्ध गराइएका सवारी साधनमा एकातिर आ–आफ्ना मतदाता ओसार्ने गैरजिम्मेवार काम

भयो भने अर्कोतिर वास्तविक वृद्ध, अशक्त, विरामी, अपाङ्गहरुले अत्यन्त कष्ट सहेर पैदल यात्रा गर्नु पर्‍यो। यसले गर्दा मतदानको दिन सार्वजनिक सवारी साधनमा रोकको व्यवस्था हास्यास्पद देखियो।

कतिपय मतदाताले मतदाता शिक्षा प्रभावकारी नभएको कारण समानुपातिकको मतपत्रमा अलमलिएको र दोस्रो मतपत्रमा चिन्ह लगाउनै बिर्सेको भन्ने थाहा हुन आयो। साथै, सर्वोच्च अदालतको आदेशमा मतपत्रको डिजाइन दुईबाट तीनवटा मतपत्र गर्नुपर्दा छपाइमा बढी समय लाग्नगएकोले मतदाता शिक्षा सामग्री समयमा जिल्ला जिल्लामा पुर्‍याउन नसकिएको भन्ने भनाइ रह्यो। यसबाट मतपत्र मतदाता–मैत्री नभएको पनि देखिन आयो। यो कमजोरीका कारण गोरखा बारपाकमा घले भाषामानै एक जना स्थानीय शिक्षकले दुईवटा मतपत्रको नमूना देखाउँदै मतदाता शिक्षा दिइरहेको पाइयो। तीनवटा मतपत्र हुनेबारे ती शिक्षक आफैलाई थाहा नभएको पर्यवेक्षणबाट देखियो। यसको प्रभाव बदर मतको संख्या बढ्ने अनुमान गर्न सकिन्छ। आयोगले बदर मतको विवरण आधिकारिक तवरबाट सार्वजनिक नगर्नुले विगतको तुलनामा बदर मत बढी रहेको पुष्टि हुन्छ।

अधिकांश मतदान केन्द्रहरू ज्येष्ठ नागरिक लगायत विशेष आवश्यकता भएका मतदाताहरूका लागि पायकपर्ने र मतदाताका सुविधाका लागि मतदान केन्द्रमा आवश्यक सङ्केतहरू राखिएका थिए। मतदान शुरु गर्नुभन्दा पहिलेका प्रक्रिया उदाहरणका लागि मतदान शुरु गर्नुअघि रित्तो मतपेटिका देखाउने र सील गर्ने, मतपत्रको संख्या जानकारी गराउने आदि प्रक्रियाहरू एक दुइ ठाउँमा बाहेक सबै केन्द्रहरूमा पूरा भएको पाइयो। सप्तरीको महदेवागाउँपालिका वार्ड नं २ श्री आधारभूत विद्यालय महदेवा मतदान केन्द्रमा ९६० मतदाता रहेकोमा डा. सि. के. राउतको आह्वानमा निर्वाचन बहिस्कार भएको, मतदाता नआएपछि साँझ ५ बजे जियोकका जिल्ला र राष्ट्रिय पर्यवेक्षकको रोहबरमा मतपेटिका सिलबन्दी गरिएको मुचुल्का गरियो। केही मतदान केन्द्र ज्यादै साँगुरो ठाउँमा रहेका कारण मतदानको गोप्यता कायम गर्नमा भने आयोग चुकेको देखियो।

७७ प्रतिशत मतदान केन्द्रमा मतदान बिहानको ७:१५ भित्र सुरु भयो भने ८.०० बजे भित्र ९८ प्रतिशत मतदान केन्द्रहरूमा मतदान शुरु भएको थियो। वृद्ध, वृद्धा, अपाङ्ग, सुत्केरी, महिला लगायत आशौचमा रहेकाले समेत मतदानमा भाग लिए। यो निर्वाचनमा मतदाताको जम्मा संख्या १,५४,२७,९३४ रहेकोमा १,०५,८१,९१९ अथवा ६८.५९ प्रतिशतले मतदान गरे।

अशक्त (दृष्टिविहीन वा शारीरिक अशक्त भएका) मतदाताका लागि एकाघरको परिवारको सदस्यको सहयोग लिनसकिने कानूनमा भएको व्यवस्थाको ठूलो मात्रामा दुरुपयोग भयो। दोलखा, गोरखा,जुम्ला, नुवाकोट, कन्चनपुर, रौतहट लगायत धेरै जिल्लाहरूमा दुरुपयोग भएको पाइयो। यसका कारण प्रोक्सी मत खसे। कन्चनपुरमा एकै जना व्यक्तिले ५ जनासम्म ज्येष्ठ नागरिकको तर्फबाट मत दिएको पनि पाइयो। अशक्त मतदाताको मत परिवारका सदस्यले दिनसक्ने व्यवस्था भएपनि रौतहटमा दलका कार्यकर्ताहरू बीच सहमति पश्चात मतदान अधिकृतले मतदान गरेको पाइयो। वास्तवमा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्केत गरिदिनसक्ने व्यवस्था कानूनमै रहेको छ। निर्वाचन कानूनको स्पष्ट जानकारी सरोकारवालाहरूमा नभएको जस्तो देखियो।

निर्वाचनको सङ्घारमा प्रचार–प्रसारलाई प्रभावपार्ने मनसायले ठाउँ ठाउँमा बम विष्फोटनका घटनाहरूका साथै उम्मेदवार–केन्द्रित आक्रमणका घटनाहरू घटे। यी घटनाहरूलाई ध्यानमा राखी सुरक्षाको निगरानी बढाइएको र ठूलो संख्यामा संदिग्ध र आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूलाई पक्राउ गरिएको जानकारीमा आयो। मंसिर १० र २१ दुई चरणमा भएको निर्वाचन बम आक्रमण, उम्मेदवार केन्द्रित एम्बुस आदि हिंसाका घटनाको बावजुद मतदाताको सहभागिता उत्साहजनक रह्यो।

निर्वाचन पहिले र मतदानका दिन सुरक्षासम्बन्धी हिंसाका घटनाहरूमा निर्वाचन वहिस्कार गर्ने समूहबाट भएका बम विष्फोटनका अतिरिक्त मतदानको दिनमा भएका हिंसामा घटनाहरूमा अन्तर–दल झडप पनि प्रमुख रुपमा देखिए। निर्वाचन प्रचार–प्रसारको क्रममा दलका कार्यकर्ताहरू बीच हिंसात्मक झगडा यो निर्वाचनमा पनि घटेको देखियो। यो निर्वाचनमा दलहरू आ–आफ्ना प्रभाव क्षेत्र र विशेषगरी दुर्गम र ग्रामीण क्षेत्रमा जहाँ सुरक्षाकर्मीको उपस्थिति पातलो हुन्छ त्यस्ता केही ठाउँमा एकलौटी मतदान हुनगएको जानकारीमा आयो।

